
स्थानीय पाठ्यक्रम
"पोषणमैत्री तथा बालमैत्री स्थानीय शासन"

## आधारभूत तह (कक्षा १-८)

परिमार्जित संस्करण भाग - २

२०८२

# फिक्कलको सेरोफेरो





फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाङसाङ, सिन्धुली
बागमती, प्रदेश नेपाल

# फिक्कलको सेरोफेरो

## स्थानीय पाठ्यक्रम

## “पोषणमैत्री तथा बालमैत्री स्थानीय शासन”

### आधारभूत तह (कक्षा १-८)

२०८२

***परिमार्जित संस्करण भाग – २***

स्थानिय सरकार
फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाङसाङ, सिन्धुली

# फिक्कलको सेरोफेरो – दोस्रो

## पठ्यक्रम परिमार्जन कार्यदल

केशवराज पहाडी - संयोजक
गणेशप्रसाद पहाडी - सदस्य
फडिन्द्रनाथ पहाडी - सदस्य

**लेखन तथा सम्पादन**

फडिन्द्रनाथ पहाडी


**प्रकाशक :**

स्थानीय सरकार

### फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
खाङसाङ, सिन्धुली
बागमती, प्रदेश नेपाल

**फोन : ९८५४०४५३४२, ९८५४०४२१७७**

**इमेल : phikkalruralmun@gmail.com**

**बेबसाइट : https://phikkalmun.gov.np/**

**फेसबुक :** <https://www.facebook.com/profile.php?id=100025599099726>

**प्रकाशन वर्ष :** २०८२



**सर्वाधिकार :** फिक्कल गाउँपालिका



**मुद्रण प्रति :** ३०० सय प्रति

पार्वती सुनुवार
अध्यक्ष

स्थानीय सरकार
फिक्कल गाउँपालिका
खाङसाङ, सिन्धुली,
बागमती प्रदेश, नेपाल

# शुभकामना

आजको युग ज्ञान, प्रविधि, स्वास्थ्य र समावेशी विकासको हो । हामीले समृद्ध, सशक्त र संवेदनशील समाज निर्माणको सपना देख्दा त्यो सपना साकार पार्ने आधार बालबालिकामा लुकेको हुन्छ । तिनै बालबालिकालाई प्रारम्भिक उमेरदेखि नै उचित शिक्षा, सही पोषण, सुरक्षित वातावरण र सशक्त सहभागिताको अवसर प्रदान गर्नु हामी सबैको साझा जिम्मेवारी हो ।

फिक्कल गाउँपालिकाले नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना-तेस्रो चरण (२०८०/०८१-०८७/०८८) अन्तर्गत "पोषणमैत्री तथा बालमैत्री स्थानीय शासन" निर्माणको संकल्प लिएको छ । यही नीति कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम "फिक्कलको सेरोफेरो २०७७" लाई परिमार्जन गरी पोषण र बाल अधिकार सम्बन्धी थिम समावेश गरिनु अत्यन्त स्वागतयोग्य कार्य हो ।

स्थानीय पाठ्यक्रम शिक्षाको जरो हो, जसले बालबालिकालाई आफ्नो समाज, संस्कार, पर्यावरण, जीवनशैली, पोषण र अधिकारबारे बुझ्ने गहिराइ प्रदान गर्छ। यस पाठ्यक्रममार्फत बालबालिकाले पोषणको आवश्यकता र महत्त्व, सरकारका विभिन्न तहहरूको भूमिका तथा आफ्नै व्यक्तिगत जिम्मेवारी बुझ्नेछन्। यसले उनीहरूलाई व्यवहारिक जीवनमा सचेत र उत्तरदायी नागरिक बनाउनेछ भन्ने विश्वास लिएको छु ।

गाउँपालिकाले शिक्षा, स्वास्थ्य, पोषण तथा बाल अधिकारलाई प्राथमिकतामा राख्दै विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, स्वयं बालबालिकालाई केन्द्रमा राखेर सबैको सहभागिता सुनिश्चित गर्दै अगाडि बढिरहेको छ। यो पाठ्यक्रम त्यसै संकल्पको एक अभिन्न पाटो हो ।

यो पाठ्यक्रम विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्नु हुने विज्ञ, शिक्षक, विद्यालय, सरोकारवाला, पाठ्यक्रम विकास कार्यदल र सम्पूर्ण टिमप्रति आभार व्यक्त गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबैको सक्रिय सहभागिता रहोस् भन्ने अपेक्षा गर्दछु ।

**बालमैत्री र पोषणमैत्री समाज निर्माणतर्फ यो एक ठोस पाइला सावित होस् ।**

पार्वती सुनुवार

असार २०८२

**श्री पार्वती सुनुवार**

राजु बराल
उपाध्यक्ष

स्थानीय सरकार
**फिक्कल गाउँपालिका**
खाङसाङ, सिन्धुली,
बागमती प्रदेश, नेपाल

# सन्देश

आजको बालबालिका भोलिको नेतृत्व हो भन्ने भनाइ केवल नारा होइन, यो हाम्रो नीति, कार्य र सोचको केन्द्र बन्नुपर्छ। स्वस्थ, आत्मविश्वासी, सचेत र उत्तरदायी नागरिक निर्माणको जग बाल्यकालमै राखिनुपर्छ, र यसको मूल चुरो शिक्षा र पोषणमा निहित हुन्छ ।

फिक्कल गाउँपालिकाले 'पोषणमैत्री तथा बालमैत्री स्थानीय शासन'को अवधारणालाई केवल योजना वा घोषणामा सीमित नराखी, त्यसलाई विद्यालय शिक्षाको केन्द्रबिन्दुमा राख्दै स्थानीय पाठ्यक्रममा प्रत्यक्ष समावेश गर्नु अत्यन्त दूरदर्शी र व्यवहारिक कदम हो। यो परिमार्जित पाठ्यक्रम बालबालिकाको सिकाइ मात्र होइन, उनीहरूको जीवनशैली र व्यवहारमा दीर्घकालीन रूपान्तरण ल्याउने माध्यम बन्नेछ ।

हामीले यस पाठ्यक्रममा स्थानीय स्रोत, अनुभव र आवश्यकतालाई आधार मानेका छौं । यसमा पोषण, बाल अधिकार, वातावरणीय सचेतना, विपद् व्यवस्थापन, स्थानीय संस्कृति र जीवन सीप जस्ता पक्षहरूलाई सन्तुलित रूपमा समेटिएको छ। यस्ता विषयहरूले पढाइलाई जीवनसँग जोड्ने काम गर्छन्, जसले विद्यालयलाई पाठशाला मात्र होइन, समाज परिवर्तनको प्रयोगशाला बनाउँछ ।

स्थानीय सरकारको हैसियतले हामी सबै विद्यालय, शिक्षक, अभिभावक, बाल क्लब, स्वास्थ्य संस्था, महिला समूह र अन्य सरोकारवाला निकायसँग सहकार्य र समन्वयमा रहेर यो कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रतिबद्ध छौं ।

म पाठ्यक्रम निर्माण कार्यमा समर्पित कार्यदल, सरोकारवाला र सहयोगी सबैप्रति आभार प्रकट गर्दछु र यो पाठ्यक्रम लागू गर्ने सम्पूर्ण विद्यालय, शिक्षक र अभिभावकसँग सहकार्यको अपेक्षा राख्दछु ।

**सशक्त बालबालिका, समुन्नत फिक्कल हाम्रो साझा लक्ष्य हो ।**

**असार २०८२**

**श्री राजु बराल**

डम्बरबहादुर रजनमगर
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
फिक्कल गाउँपालिका
खाङसाङ, सिन्धुली,
बागमती प्रदेश, नेपाल

# मन्तव्य

मानव शरिरलाई आवश्यक पर्ने पोषक तत्त्व र लिइने आहारबीचको सन्तुलनलाई पोषण भन्ने गरिन्छ। पोषणले मानिसलाई स्वस्थ रहन एवं रोग प्रतिरोधात्मक क्षमता कायम तथा विकास गर्न मद्दत गर्दछ। हरेक उमेर समुहका स्वस्थ तथा रोगी मानिसहरुमा राम्रो पोषण जीवनभर आवश्यक पर्दछ। विशेषतः गर्भवती महिला, स्तनपान गराईरहेकी आमा, नवजात शिशु र बालबालिकालाई विशेष किसिमको पोषण र हेरचाहको जरुरत पर्दछ। विभिन्न अध्ययन अनुसार बालबालिकाको मानसिक तथा शारीरिक तीव्र विकास पनि यही अवधिमा हुने गर्दछ।

नेपालको संविधानमा स्वास्थ्य तथा खाद्य सुरक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। नेपालको आर्थिक, सामाजिक र मानवपुँजी विकासको अवरोधको रुपमा रहेको कुपोषणको न्यूनीकरणका लागि निरन्तर प्रयास हुँदै आएको छ। "कुपोषणको अन्त्य, मानवपुँजी निर्माण र समग्र सामाजिक आर्थिक विकास गर्ने" दीर्घकालीन लक्ष्य सहित नेपाल सरकारबाट बहुक्षेत्रीय पोषण योजना तेस्रो(०८०/०८१-०८७/०८८) उच्च प्राथमिकता सहित कार्यान्वयन भईरहेको छ। मानव जीवनचक्रमा पोषणको अवस्था सुधारका लागि पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता, गुणस्तर सुधार तथा समतामूलक पहुँच र उपभोगको सुनिश्चितता गर्न साथै महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धी स्थानीय सरकारको अधिकार र कर्तव्य अनुसार फिक्कल गाउँपालिकाको पोषणमैत्री स्थानीय सरकार घोषणा गर्ने नीति अनुसार कार्यान्वयन भईरहेको छ।

बाल अधिकार संम्बन्धी अन्तराष्ट्रिय महासन्धि, (ऋचऋ), १९८९ मा गरेको प्रतिवद्धता, नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको बालबालिकाको हकलाई स्थानीय सरकारले बाल अधिकारको सुनिश्चितता गर्न विशेष गरी बाल अधिकारका चार पक्ष बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई मुख्य आधार मानी फिक्कल गाउँपालिकाले बालमैत्री स्थानीय सरकार घोषणा गरी बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने नीति अनुरुप कार्यान्वयन भईरहेको छ।

विद्यालय शिक्षाको आधारभूत तहमै बालबालिकालाई बाल अधिकार र पोषण सम्बन्धी विषयलाई सुसूचित गर्न, संवेदनशील बनाई जिम्मेवार बनाउन पोषण तथा बालमैत्री स्थानीय शासनको विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्क रहेको छ। फिक्कल गाउँपालिकाको स्थानीय पाठ्यक्रम "फिक्कल सेरोफेरो, २०७७" मा "पोषणमैत्री तथा बालमैत्री स्थानीय शासन" थिम थप गरी कार्यान्वयनमा ल्याईएको हो। यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने विज्ञ फडिन्द्रनाथ पहाडी, स्थानीय पाठ्यक्रम परिमार्जन कार्यदल लगायत सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। यो पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सम्पूर्ण विद्यालय, प्रधानाध्यापक र शिक्षक, अभिभावक साथै सम्बद्ध सबै पक्ष क्रियाशील भई स्थानीय सरकारले लिएको पोषणमैत्री तथा बालमैत्री स्थानीय शासन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाहको लागि हार्दिक अनुरोध गर्दछु।

**असार २०८२** **श्री डम्बरबहादुर रजनमगर**

# हाम्रो भनाइ

पाठ्यक्रम गतिशील दस्तावेज हो । समयको गतिसँगै सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तन, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशले व्यक्ति तथा समुदायको इच्छा, आकाङ्क्षा र आवश्यकता पनि परिवर्तन हुन्छन् । उक्त चाहाना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनु पर्दछ । जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसै अनुरूप फिक्कल गाउँपालिकाको स्थानीय पाठ्यक्रम **'फिक्कलको सेरोफेरो २०७७'** मा पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यक भएकाले परिमार्जन गरिएको छ। यस पाठ्यक्रममा 'बहुक्षेत्रीय पोषण योजना'- तेस्रो अन्तर्गत पोषण मैत्री स्थानीय शासन कार्यान्वयन गरी मानव पूँजी निर्माण गर्न सहयोग पुऱ्याउने ध्येयका साथ **पोषण तथा बालमैत्री स्थानीय शासन** थिम थप गरिएको छ । **'फिक्कलको सेरोफेरो २०७७'** स्थानीय पाठ्यक्रममा भएका आठओटा विषयक्षेत्रका अतिरिक्त **'पोषण तथा बालमैत्री स्थानीय शासन'** थिम थप गरी पठनपाठन गराउनु पर्ने छ । यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, विज्ञ, शिक्षाविद्, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, एवम् सरोकारवालाहरूप्रति यो कार्यदल हार्दिक कृतज्ञता व्यक्त गर्दछ। यो पाठ्यक्रमलाई प्रभावकारी बनाई बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै पोषण तथा बालमैत्री गाउँपालिका निर्माण गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो स्थानीय पाठ्यक्रम गतिशील दस्ताबेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यो कार्यदल पाठ्यक्रम प्रयोगकर्ता लगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गर्दछ ।

**स्थानीय पाठ्यक्रम परिमार्जन कार्यदल**

**फिक्कल गाउँपालिका २०८२**

**सिन्धुली**

# विषय सूची


१. परिचय ........ २

१.१ विषय क्षेत्र ........ ३

२. आधारभूत शिक्षा ( कक्षा १-८ )का तहगत सक्षमता ........ ३

२.१ आधारभूत शिक्षा ( कक्षा १-३ )का तहगत सक्षमता ........ ३

२.२ आधारभूत शिक्षा ( कक्षा ४-५ )का तहगत सक्षमता ........ ३

२.३ आधारभूत शिक्षा ( कक्षा ६-८ ) का तहगत सक्षमता ........ ४

३. कक्षागत सिकाइ उपलब्धि ( कक्षा १-३ ) ........ ४

३.१ कक्षागत सिकाइ उपलब्धि ( कक्षा ४-५ ) ........ ४

३.२ कक्षागत सिकाइ उपलब्धि ( कक्षा ६-८ )........ ५

४. सिकाइ उपलब्धिको विस्तृतीकरण ........ ६

५.विषय क्षेत्रअनुसार अनुमानित कार्यघण्टा ( कक्षा १-३ ) ........ ११

६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष : ........ ११

७. विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य शिक्षण सिकाइ विधिहरू : ........१२

९. विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या तालिका नं. ८ ........ १३

१० : हाम्रो स्थानीय विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख मापन तरिका : ........१४

११. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ४) तालिका नं.१२ ........ २०

११. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ५) तालिका नं.१३........ २१

१२. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ६) तालिका नं. १४ ........ २३

१३. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ७) तालिका नं. १५ ........ २६

१४. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ८) तालिका नं. १६........ २८

१५.विषय क्षेत्रअनुसार अनुमानित कार्यघण्टा ( कक्षा ४-८ ) तालिका नं. १७........ ३०

१६.परियोजना कार्य........ ३०

१७.सिकाइ सहजीकरण प्रक्रिया........ ३०

१८. विद्यार्थी मूल्याङ्कन........ ३१

१. सहभागिताको मूल्याङ्कन........ ३२

२. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन ( ३६ अङ्कभार )........ ३३

३. त्रैमासिक परीक्षा........ ३७

१९.पाठ्क्रम कार्यान्वयन प्रक्रिया........ ४०

२०.पाठ्यक्रम परिमार्जन प्रक्रिया ........ ४०

विशिष्टीकरण तालिका........ ४०

**सन्दर्भ ग्रन्थ सूची** ........ ४२

# १. परिचय

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरिसकेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषा मध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुसार साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्नु पर्ने व्यवस्था गरेको थियो । तर उक्त व्यवस्था राम्रोसँग कार्यान्वयन हुन सकेन । त्यसैगरी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (परिमार्जित २०६५) ले प्राथमिक तह कक्षा १-५ सम्म सामाजिक अध्ययन, शारीरिक शिक्षा, र सिर्जनात्मक कला जस्ता विषयमा २० प्रतिशत विषयवस्तु स्थानीय रूपमा पाठ्यक्रम निर्माण गरी अध्यापन गर्नु पर्ने व्यवस्था गरेको थियो । साथै ४ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा/स्थानीय विषय मध्ये कुनै एक अध्यापन गर्नुपर्ने व्यवस्था गरेको भए पनि स्थानीय स्तरमा सन्तोषजनक रूपमा कार्यान्वयन हुन सकेन । त्यस्तै आधारभूत शिक्षा कक्षा ६-८ पाठ्यक्रम २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा/संस्कृत/स्थानीय विषय वा अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ मा भएको प्रावधान अनुसार स्थानीय तहले आधारभूत कक्षा १-३ मा ५ साप्ताहिक पाठ्यभार र वार्षिक १६० घण्टी तथा कक्षा ४-८ मा ४ साप्ताहिक पाठ्यभार र वार्षिक १२८ घण्टी निर्धारण गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तहमा कक्षा १-३ मा ५ पाठ्यघण्टा र वार्षिक १६० कार्यघण्टा तथा कक्षा ४-८ मा ४ पाठ्यघण्टा र वार्षिक १२८ कार्यघण्टा निर्धारण गरेको छ । पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्ग दर्शन (मातृभाषा सहित) २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ अवधारणा पाठ्यक्रम विकास कार्यान्वयन प्रक्रिया स्थानीय पाठ्यक्रमको ढाँचा समेतको बारेमा स्पष्ट मार्ग दर्शन गरेको छ । स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री २०६६ ले "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" भनी परिभाषित गरेको छ । त्यसैले स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता एवम् सक्रियतामा यथासक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो । यो स्थानीय पाठ्यक्रमले फिक्कल गाउँपालिका क्षेत्रभित्रको विशिष्ट पहिचान तथा सिन्धुली जिल्लाभित्रका विशेष पहिचानयुक्त विषयवस्तुलाई उजागर गर्ने छ । आधारभूत तह कक्षा १-८ अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, जनसङ्ख्या र भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन् । यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्ने छन् । स्थानीय क्षेत्रमा पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्ने छन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्ने छ । यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्ने अपेक्षा गरिएको

छ । त्यसैगरी यस परिमार्जित संस्करण २०८२ पोषण तथा बालमैत्री स्थानीय शासन थिमबाट पोषणको पहिचान, आवश्यकता, महत्त्व, सङ्घ, प्रदेश र स्थानीय सरकारको भूमिका तथा आफू स्वयंको भूमिका पहिचान गरी सोही अनुरूप आचरण गर्दै मानवपूँजी निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । पाठ्यक्रम सिकाइको योजना भएकाले सिकाइ सहजीकरण गर्न सजिलो होस् भन्ने हेतुले पाठ्यक्रमका आवश्यक तत्वहरूका साथै शिक्षण विधि मूल्याङ्कन प्रक्रिया समेत समावेश गरिएको छ ।

### १.१ विषय क्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हन्छ । यसलाई सजिलै आकलन गर्न सकिँदैन, त्यसैले एउटै पाठ्यक्रममा सबै विषयवस्तुहरू अटाउन र पठनपाठन गर्न सम्भव हुदैन । यस पाठ्यक्रमले फिक्कल गाउँपालिका क्षेत्रको सेरोफेरो र सिन्धुली जिल्ला भित्रको विशेष पहिचानयुक्त विषयवस्तुलाई समेटेको छ । त्यसैले फिक्कल गाउँपालिकाभित्रका र सिन्धुली जिल्लाभित्रका विशेष पहिचानयुक्त विषयवस्तुलाई अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, पर्यटकीय, आर्थिक, स्वास्थ्य सरसफाइ, वातावरण प्रकोप व्यवस्थापन तथा पोषण तथा बालमैत्री स्थानीय शासन क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिका पक्षहरूको स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । यस परिमार्जित पाठ्यक्रममा मुख्य रूपमा निम्न विषय क्षेत्रलाई समेटेको छ ।

'बहुक्षेत्रीय पोषण योजना'- तेस्रो अन्तर्गत **'पोषण तथा बालमैत्री स्थानीय शासन'** थिम मार्फत पोषण, कुपोषण, पोषणयुक्त खाना, आवश्यकता, महत्त्व, सङ्घ, प्रदेश र स्थानीय सरकारको भूमिका तथा आफू स्वयंको भूमिका पहिचान गरी सोही अनुरूप आचरण गर्दै मानवपूँजी निर्माणमा सहयोग ।

## २. आधारभूत शिक्षा ( कक्षा १-८ )का तहगत सक्षमता

- पोषण, कुपोषण, पोषणयुक्त खानाका लागि पूर्वाधार, बहुक्षेत्र पोषण योजनाको परिचय आवश्यकता, महत्त्व, पोषण तथा बालमैत्री स्थानीय शासन व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय सरकारको भूमिका तथा आफू स्वयंको भूमिका पहिचान गरी सोही अनुरूप आचरण गर्दै मानवपूँजी निर्माणमा सहयोग,

### २.१ आधारभूत शिक्षा ( कक्षा १-३ )का तहगत सक्षमता

- स्वस्थ खाना, पानी, खेलकुद, स्थानीय स्तरमा पाइने पोषणयुक्त खाना र पत्रु खाना (जङ्क फुड) मा फरक पहिचान र प्रयोग,
- व्यक्तिगत सरसफाइ, विद्यालयमा पोषण तथा बालमैत्री वातावरण र बालबालिकाको भूमिका पहिचान र प्रयोग,

### २.२ आधारभूत शिक्षा ( कक्षा ४-५ )का तहगत सक्षमता

- पोषण तत्व, सन्तुलित आहारका पाँच समूह, स्वास्थ्य, सरसफाइ र पोषणको सम्बन्ध जानकारी,
- कुपोषण र यसको असर, स्वस्थ बानी तथा आफ्नो घर तथा विद्यालयमा पोषण प्रवर्धन गर्ने उपायमा परिचित भई अभ्यस्त रहन,

## २.३ आधारभूत शिक्षा ( कक्षा ६-८ ) का तहगत सक्षमता

- पोषणका प्रकार, बहुक्षेत्र पोषण योजनाको परिचय पोषण तथा बालमैत्री स्थानीय शासनमा स्थानीय तहको भूमिकाको जानकारी,
- स्वास्थ्य संस्थाहरूको पोषण सेवा र पहुँच, किशोर-किशोरीको लागि पोषणको आवश्यकताको पहिचान,
- कुपोषणका कारण र समाधानका उपाय, स्थानीय तहमा पोषणसम्बन्धी योजना, पोषण तथा बालमैत्री सामाजिक व्यवहारको अनुशरण,

## ३. कक्षागत सिकाइ उपलब्धि ( कक्षा १-३ ) **तालिका नं. १**

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • स्वस्थ खानाको नाम बताउन,<br>• स्वस्थ खाना (फलफूल, तरकारी, दुध, मासु चिन्न र प्रयोग गर्न,<br>• पानीको आवश्यकतासँग परिचित भई, स्वच्छ र सफा पानी पिउन,<br>• आफ्नो नाम बताउन र साथीहरूसँग खेल्न, | • स्वस्थ र अस्वस्थ खाना छुट्याउन,<br>• स्वस्थ र अस्वस्थ खाना चिन्न र स्वस्थ वर्धक खाना मात्र प्रयोग गर्न,<br>• व्यक्तिगत सरसफाइ र खानपानको महत्त्व बुझी सोही अनुकूल व्यवहार गर्न,<br>• आफ्नो विचार व्यक्त गर्न र साथीका कुरा सुन्न, | • सन्तुलित आहारको सरल व्याख्या गर्न,<br>• स्थानीय पोषणयुक्त खाना चिन्न र प्रयोग गर्न,<br>• विद्यालय तथा घरमा पोषण मैत्री व्यवहार प्रदर्शन गर्न,<br>• विभिन्न क्रियाकलापमा सहभागी हुन तथा साथीको सम्मान गर्न, |

## ३.१ कक्षागत सिकाइ उपलब्धि ( कक्षा ४-५ ) **तालिका नं. २**

| कक्षा ४ | कक्षा ५ |
|---|---|
| • पोषण तत्वका आधारभूत परिचय दिन,<br>• सन्तुलित आहारका ( अन्न, तरकारी, फलफूल, प्रोटिन र चिल्लो ) प्रकार भन्न र आवश्यकता पहिचान र प्रयोग गर्न,<br>• पोषण, सरसफाइ र स्वास्थ्यबिचको सम्बन्ध पहिचान र प्रयोग गर्न,<br>• पोषणका लागि करेसाबारीको महत्त्व बताउन,<br>• बालअधिकारका आधारभूत कुरा बताउन, | • कुपोषणको असर बताउन,<br>• पोषणमा सकारात्मक बानीहरू अपनाउन,<br>• घर तथा विद्यालयमा पोषण प्रवर्धनका लागि सहयोग गर्न,<br>• लैंगिक समानता, बालश्रम र बालविवाहको परिभाषा दिन, |

## ३.२ कक्षागत सिकाइ उपलब्धि ( कक्षा ६-८ ) **तालिका नं. ३**

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- |
| • किशोरकिशोरी अवस्थामा पोषणको आवश्यकताको कारण बताउन,<br>• बहुक्षेत्र पोषण योजना ( २०८०/८१ - २०८७/८८ परिचय दिन,<br>• पोषण तथा बालमैत्री स्थानीय शासनको परिभाषा र कार्यान्वयनका क्षेत्रहरू बताउन,<br>• पोषण तथा बालमैत्री स्थानीय शासन प्रवर्धनको लागि गरिने कार्यहरू बताउन,<br>• बालमैत्री स्थानीय शासनमा विद्यालय तथा वडाको भूमिका बताउन, | • नेपालमा किशोरकिशोरीहरूको पोषणको अवस्था र पोषण कार्यक्रमको उद्देश्यहरू बताउन,<br>• पोषण मैत्री स्थानीय शासनको परिभाषा र कार्यान्वयनका चरणहरू बताउन,<br>• पोषण तथा बालमैत्री स्थानीय शासन कार्यान्वयनमा वडास्तरीय सहजीकरण तथा कार्यान्वयन समितिको जानकारी लिन र दिन,<br>• पोषण तथा बालमैत्री वडा घोषणा प्रक्रियाको पहिचान र सहयोग गर्न,<br>• बालमैत्री स्थानीय शासनमा गाउँपालिकाको भूमिका बताउन, | • किशोरकिशोरीहरूको पोषण स्थिति सुधार गर्ने कार्यक्रमहरूको जानकारी र प्रयोग<br>• पोषण मैत्री स्थानीय शासन प्रवर्धनका कार्यहरूको व्याख्या र विश्लेषण गर्न,<br>• पोषण तथा बालमैत्री स्थानीय शासनका क्षेत्रगत सूचकहरूसँग परिचित भई कार्यान्वयनमा सहयोग गर्न,<br>• पोषण तथा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि गाउँपलिका स्तरीय निर्देशक समितिको जानकारी र कार्यहरू बताउन,<br>• बालमैत्री शासनका लागि संवैधानिक व्यवस्थाको जानकारी लिन र सोहीअनुरूप व्यवहार गर्न, |

## ४. सिकाइ उपलब्धिको विस्तृतीकरण

**हाम्रो स्थानीय विषयवस्तुको सिकाइ उपलब्धिको विस्तृतीकरण ( कक्षा १) तालिका नं. ४**

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९.पेषण तथा बालमैत्री स्थानीय शासन | १.स्वस्थ खानाको नाम बताउन,<br>२.स्वस्थ खाना ( फलफूल, तरकारी, दुध, मासु चिन्न र प्रयोग गर्न,<br>३.पानीको आवश्यकतासँग परिचित भई, स्वच्छ र सफा पानी पिउन,<br>४.आफ्नो नाम बताउन र साथीहरूसँग खेल्न, | १.गेडागुडी र हरियो सागसब्जीको नाम बताउन,<br>२.आफ्नो वरिपरि पाइने फलफूलको नाम बताउन,<br>३.पशुजन्य खाना दुध, दही, माछा, मासु ...... आदिको नाम बताउन,<br>४.अन्न जस्तै : चामल, गहुँ, मकै ...... आदि चिन्न,<br>१.गेडागुडी र हरियो सागसब्जी खान,<br>२.आफ्नो वरिपरि पाइने फलफूल खान,<br>३.पशुजन्य खाना दुध, दही, माछा, मासु ...... आफूलाई अनुकूल हुने गरी खान,<br>४.अन्न जस्तै : चामल, गहुँ, मकै ...... आदि मिलाएर खान,<br>१.पानीको आवश्यकतासँग परिचित हुन,<br>२.शरीरलाई आवश्यक पर्ने पानीको मात्रा थाहा पाई प्रयोग गर्न,<br>३. शुद्ध, सफा तथा प्रदूषित पानी छुट्याउन,<br>४. शुद्ध तथा सफा पानी चिनेर पिउन,<br>१. आफ्नो नाम बताउन,<br>२.आफ्ना साथीको नाम बताउन,<br>३.आफू खेलमा सरिक हुन,<br>४.सथीलाई पनि खेलमा सरिक गराउन | १.स्वस्थ खानेकुराका चित्र, पोस्टर आदि देखाई अथवा स्लाइड देखाई छलफल गराउने,<br>२.सम्भव भए विद्यालयमा भएको पोषण कर्नर देखाई स्वस्थ तथा पौष्टिक तत्त्व भएका खानाको स्पष्ट जानकारी दिने,<br>३. विद्यालय दिवा खाजामा प्रयोग गर्ने खाजाको मेनु देखाई खाजामा प्रयोग भएका र प्रयोग गर्नु पर्ने स्थानीय स्तरमा उत्पादित खानेकुराको स्पष्ट जानकारी दिने,<br>४.'हरेक बार खाना चार' भन्ने चित्रसहितको पोस्टर प्रदर्शन गर्दै कुन कुन खानाले शरीरलाई कस्तो फाइदा हुन्छ भन्ने कुरा बताइदिने,<br>५.सफा र शुद्ध पानी तथा प्रदूषित पानी देखाई फरक छुट्याउन लगाउने,<br>६.मानिसको उमेर र तौलअनुसार आवश्यक पानीको मात्रा बताउँदै सफा शुद्ध पानी मात्र पिउन प्रेरित गर्ने साथै दूषित पानीबाट हुने बेफाइदासमेत बताइदिने,<br>७.परिचय खेल खेल्न लगाएर आफ्नो र साथीको नाम भन्न लगाउने,<br>८.समूहमा खेल्न लगाई साथीलाई पनि सम्मानपूर्वक खेल्न दिनु पर्ने कुरा सिकाउने, | १.प्रश्नोत्तर, छलफल, अवलोकन,<br>२.अभिभावकको प्रतिक्रिया लिने, आदि प्रक्रिया अपनाई मूल्याङ्कन गर्ने,<br>३.आफ्नो नाम बताउन लगाउने<br>४.आफ्ना साथीको नाम भन्न लगाउने,<br>५.खेलमा सरिक भएका आधारमा मूल्याङ्कन गर्ने, |

## हाम्रो स्थानीय विषयवस्तुको सिकाइ उपलब्धिको विस्तृतीकरण ( कक्षा २ ) तालिका नं. ५

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९.पेषण तथा बालमैत्री स्थानीय शासन | १.स्वस्थ र अस्वस्थ खाना छुट्याउन,<br>२. स्वस्थ र अस्वस्थ खाना चिन्न र स्वस्थ वर्धक खाना मात्र प्रयोग गर्न,<br>३.व्यक्तिगत सरसफाइ र खानपानको महत्त्व बुझी सोही अनुकूल व्यवहार गर्न,<br>४.आफ्नो विचार व्यक्त गर्न र साथीका कुरा सुन्न, | १.आफ्ना खेतबारीमा फल्ने अन्न बालीका नाम भन्न,<br>२.आफ्ना खेतबारी तथा नजिकैका जङ्गलमा पाइने फलफूल तथा तरकारीका नाम भन्न,<br>३.चाउचाउ, कुरमुरे र बोतलका पेय पदार्थ अस्वस्थ खानेकुरा हुन भनी नामसमेत बताउन र प्रयोग नगर्न,<br>४. धेरै तेलमा तारेका र धेरै गुलिया खानेकुराहरू अस्वस्थ खानेकुरा हुन भनी नामसमेत बताउन र प्रयोग नगर्न,<br>१.स्थानीय स्तरमा उत्पादित अन्नबाट बनेका खानेकुरा मात्र प्रयोग गर्न,<br>२.फलफूल तथा पशुजन्य खाना मिलाएर खान,<br>३.पत्रु खाना चाउचाउ, कुरमुरे आदि प्रयो नगर्न,<br>४. बोतलका पेय पदार्थ प्रयोग नगर्न, | १.आफ्ना खेतबारीमा फल्ने अन्न बालीका चित्र, फोटो, भिडिओ, देखाएर आफूले नाम बताउँदै विद्यार्थीहरूलाई पनि भन्न लगाउने,<br>२.आफ्ना खेतबारी तथा नजिकैका जङ्गलमा पाइने फलफूल तथा तरकारीका चित्र, फोटो, देखाउँदै छलफल गराउने, जस्तै : निगुरो, ऐँसेलु, काफल,..... आदि ।<br>३. पत्रु खाना जस्तै : चाउचाउ, कुरमुरे र बोतलका पेय पदार्थ अस्वस्थ खानेकुराका चित्र, फोटो वा सम्भव भए वस्तु नै प्रदर्शन गरी हानि हुने कुरा बताई दिने,आफू पनि नखाने र बालबालिकालाई पनि नखान प्रेरित गर्ने,<br>४. धेरै तेलमा तारेका र धेरै गुलिया खानेकुराहरू अस्वस्थ खानेकुरा हुन भनी बताउँदै विद्यालय दिवा खाजामा त्यस्ता खानेकुरा प्रयोग नगर्ने व्यवस्था मिलाउने र घरमा पनि प्रयोग गर्न हुँदैन भनी अभ्यस्त गराउँने,<br>५. स्थानीय स्तरमा उत्पादित अन्नबाट बनेका खानेकुरा जस्तैः रोटी, सातु, जाउलो.......आदिका चित्र, फोटो, भिडिओ प्रदर्शन गर्दै छलफल गराउने,<br>५.चर्पी प्रयोग गरेपछि र खाना खानुभन्दा अघि र पछि साबुन पानीले सफासँग हात | १.प्रश्नोत्तर, छलफल, अवलोकन,<br>२.अभिभावकको प्रतिक्रिया लिने, आदि प्रक्रिया अपनाई मूल्याङ्कन गर्ने,<br>३.दैनिक रूपमा व्यवहार अवलोकन गरी पृष्ठपोषण दिने,<br>४. आफ्ना कुरा सुनाउन लगाउने<br>५.साथीका कुरा सुन्न लगाउने र व्यवहारको अवलोकन गर्ने, |

| | | | | |
|---|---|---|---|---|
| | | १.व्यक्तिगत सरसफाइको परिचय दिन,<br>२.चर्पी प्रयोग गरेपछि र खाना खानुभन्दा अघि र पछि साबुन पानीले सफासँग हात धुन,<br>३. समयमै खाना खाने बानी बसाल्न,<br>४.शरीरलाई ऊर्जा, प्रोटिन चिल्लो, र भिटामिन जस्तो तत्त्व प्राप्त हुने गरी मिलाएर खान,<br>१.आफ्ना कुरा सुनाउन,<br>२.साथीका कुरा सुन्न,<br>३.सुनेका कुराको प्रतिउत्तर दिन,<br>४.पालो पर्खेर बोल्न, | धुनुपर्छ भन्ने सिकाउँदै बिद्यालयको शौचालयमा अनिवार्य रूपमा साबुनको व्यवस्था मिलाउने र हात धुने तरिका प्रयोगात्मक रूपमा सिकाउने,<br>६.समयमै खाना खाने बानी बसाल्न र शरीरलाई ऊर्जा, प्रोटिन चिल्लो, र भिटामिन जस्तो तत्त्व प्राप्त हुने गरी मिलाएर खान सिकाउनका लागि सम्बन्धित खानाका चित्र देखाई छलफल गराउने समयमै खाना खाँदा हुने फाइदा बताइदिने विद्यार्थीलाई पनि बताउन लगाउने, आदि ।<br>७. आफूले कुनेका देखेका कुरा भन्न लगाउने तथा साथीका कुरा सुन्न र प्रतिक्रिया दिन प्रेरित गर्ने,<br>८.साथीसाथी बिच भएका संवादका भिडिओ देखाई बोल्न सकिाउने, | |

**हाम्रो स्थानीय विषयवस्तुको सिकाइ उपलब्धिको विस्तृतीकरण ( कक्षा ३ ) तालिका नं. ६**

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९.पेषण तथा बालमैत्री स्थानीय शासन | १.सन्तुलित आहारको सरल व्याख्या गर्न,<br>२.स्थानीय पोषणयुक्त खाना चिन्न र प्रयोग गर्न,<br>३.विद्यालय तथा घरमा पोषण तथा बालमैत्री व्यवहार प्रदर्शन गर्न,<br>४.विभिन्न क्रियाकलापमा सहभागी हुन तथा साथीको सम्मान गर्न, | १. सन्तुलित आहारको परिचय दिई प्रकारसमेत बताउन,<br>२.सन्तुलित आहार मिलाएर प्रयोग गर्न,<br>३.पत्रु वा पोषणहीन खाना प्रयोगमा कम गर्न,<br>४.स्वास्थ्यप्रति सचेत हुँदै परिवार र साथीहरूलाइ सन्तुलित आहारको महत्त्व सिकाउन,<br>१.स्थानीय खानालाई प्राथमिकता दिन,<br>२.कुन खानामा कुन पोषक तत्त्व पाइन्छ भनी थाहा पाउन,<br>३.बाहिरी प्रशोधित खानाभन्दा आफ्नै स्थानीय स्रोतबाट प्राप्त खानालाई मन पराउने बानी विकास गर्न,<br>४.दैनिक जीवनमा आफू स्थानीय पोषिलो खाना प्रयोग गर्न तथा साथीहरूबिच प्रचार गर्न, | १.सन्तुलित आहारका चार्ट, चित्र वा सम्भव भए वास्तविक वस्तु नै देखाई नाम भन्न लगाउने,<br>२.सन्तुलित आहार मिलाएर खानु पर्ने सन्तुलित खाना नमिलाए हुने बेफाइदा झल्काउने कुपोषित चित्र देखाउँदै छलफल गराउने,<br>३.पत्रु खाना ( जङ्क फुड ) बाट हुने हानि झल्काउने भिडिओ, चित्र वा पोस्टर आदि देखाउँदै छलफल गराउने,<br>४.सन्तुलित खाना छान्ने खेल खेलाएर पनि सिकाइ सहजीकरण गर्न सकिन्छ,<br>५. साना साना कथा सुनाएर पनि सिकाइ सहजीकरण गर्न सकिन्छ,<br>६.पोषण महत्त्वका बारेमा गीत वा कविता बनाएर पनि सिकाइ सहजीकरण गर्न सकिन्छ,<br>७. सम्भव भए पोषण कर्नरमा लगेर पनि विद्यार्थीलाई देखाएर छलफल गराउने,<br>८.समयमा नै खाना खाँदा र नखाँदा हुने फरक तालिकामा देखाएर छलफल गराउने, | १.प्रश्नोत्तर, छलफल, अवलोकन,<br>२.अभिभावकको प्रतिक्रिया लिने, आदि प्रक्रिया अपनाई मूल्याङ्कन गर्ने,<br>३.दैनिक रूपमा व्यवहार अवलोकन गरी पृष्ठपोषण दिन<br>४.क्रियाकलापसँग सम्बन्धित प्रश्नोत्तर गर्ने तथा व्यवहारको अवलोकन गरी मूल्याङ्कन गर्ने, |

| | | | | |
|---|---|---|---|---|
| | | १.प्याकेटमा आएका तथा धेरै चिल्लो र गुलियो खानेकुरा प्रयोगमा कम गर्न,<br>२.समय मिलाएर खाना खाने बानी बसाल्न,<br>३.खानेकुरा सफा राख्न र सफा भएको सुनिश्चत गरी खान,<br>४.भान्सा तथा खाजा खाने ठाउँ सफा राख्न,<br>१.खेलकुद तथा समूह छलफलमा भाग लिन,<br>२.साथीलाई सम्मान गर्न,<br>३.पालो पर्खेर काम गर्न,<br>४.आफ्नो स्तन्त्रताको प्रयोग गर्दा अरूको स्तन्त्रताको ख्याल गर्न, | ९. माथि उल्लिखित बाहेक शिक्षक स्वयंले पनि क्रियाकलापमा विविधता ल्याएर सिकाइ सहजीकरण गर्न सकिन्छ,<br>१०. खेलकुद तथा समूहमा कार्य गर्दा अपनाउनु पर्ने सावधानीका उपायमा छलफल गराउने,<br>११. साथीसँग सम्मानपूर्वक बोल्न सिकाउने आफ्नो स्वतन्त्रताको प्रयोग गर्दा अरूको स्तन्त्रताको ख्याल गर्न सिकाउने र सम्भव भए यस्ता विषयका नमुना भिडिओहरूसमेत प्रदर्शन गरी देखाउने | |

## ५.विषय क्षेत्रअनुसार अनुमानित कार्यघण्टा ( कक्षा १-३ ) **तालिका नं. ७**

| क्र.सं. | विषयवस्तुको क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | २६ | २६ | २६ |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | २० | २० | २० |
| ३ | हाम्रो संस्कार र संस्कृति | २३ | २३ | २३ |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | २६ | २६ | २६ |
| ५ | पेसा उद्यमशीलता र प्रविधि | १८ | १८ | १८ |
| ६ | स्वास्थ्य र सरसफाइ | १४ | १४ | १४ |
| ७ | प्रकोप वातावरण र हरित विद्यालय | ९ | ९ | ९ |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | ९ | ९ | ९ |
| ९ | पेषण तथा बालमैत्री स्थानीय शासन | १५ | १५ | १५ |
| जम्मा | | १६० | १६० | १६० |

## ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष :

- **सक्षमता तथा सिकाइ उपलब्धिहरू :** पाठ्यक्रममा उल्लेखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।
- **विषयवस्तुको स्वरूप :** विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।
- **बालमनोविज्ञान :** सिकारूको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।
- **स्रोत साधनहरूको उपलब्धता :** शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।
- **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति :** शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।
- **समय र विद्यार्थी सङ्ख्या :** उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।

- **शिक्षकको योग्यता, क्षमता र रुचि :** शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगाव जस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ ।

यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

## ७. विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य शिक्षण सिकाइ विधिहरू :

क्रियाकलापमुखी सिकाइलाई जोड दिई कक्षा १-३ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

- **कथाकथन एवम् गीत :** यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।
- **आगमन विधि :** यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।
- **भूमिका निर्वाह/अभिनय :** यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।
- **निर्माणात्मक कक्षा :** यस विधिमा मष्तिस्क, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार अदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।
- **सहयोगात्मक कक्षा :** यसमा समान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।
- **परियोजना कार्य :** विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जन ागर्न सकिन्छ ।
- **छलफल र प्रश्नोत्तर :** यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बीचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।
- **अन्वेषण, अनुसन्धान तथा खोज :** यसमा समस्या वा प्रश्नको प्रस्तुति गर्नु पर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

- **प्रविधियुक्त कक्षा :** मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।
- **सिर्जनात्मक कार्य :** यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।
- **समस्या समाधान विधि :** यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन पछाडि फर्केर हेर्ने र परिणामलाई जाच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।
- **खेल विधि :** यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।
- **प्रयोगात्मक विधि :** यसमा कक्षाकोठाभित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।
- **क्षेत्र भ्रमण विधि :** विभिन्न स्थानको भ्रमण गराइ त्यहाँका अनुभव र सिकेको कुरा छलफल गराइन्छ ।
- **प्रदर्शन विधि :** विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।
- **स्वाध्ययन तथा छलफल :** विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकताअनुसार विद्यार्थीबीच छलफल गराउन सकिन्छ ।
- **अन्तरक्रिया :** यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

## ९. विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या तालिका नं. ८

| | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्ला स्तरको उपलब्धि हासिल गरेको |

नोट : विद्यार्थी मूल्याङ्कन र पोर्टफोलियो निर्माणसम्बन्धी निर्देशन स्थानीय पाठ्यक्रम **'फिक्कलको सेरोफेरो २०७७'** मा उल्लेख भइसकेकाले यसमा थिमगत रुब्रिक्स मात्र समावेश गरिएको छ ।

**१० : हाम्रो स्थानीय विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख मापन तरिका :** प्रत्येक सिकाइ उपलब्धिका लागि दिइएका उपलब्धि सूचक विद्यार्थीले हासिल गरेमा सम्बन्धित कोठामा सकेको (√) चिह्न र हासिल नभए नसकेको (–) चिह्न लगाउनुहोस् । प्रत्येक चार सूचकमध्ये हासिल भएका सूचक(√) चिह्न गन्नुहोस् र त्यतिनै अङ्क अङ्कन महलमा लेख्नुहास् । तपाइँले प्रयोग गर्नु भएको साधनमा चिह्न लगाउनुहोस् वा अन्य साधन प्रयोग गर्नुभएको भए सोही महलमा लेख्नुहोस् ।

**विषयवस्तुको क्षेत्र : पोषण तथा बालमैत्री स्थानीय शासन ( कक्षा : १ ) तलिका नं. ९**

**विद्यार्थीको नाम :**

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकारण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको/ नसकेको | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| १.स्वस्थ खानाको नाम बताउन, | १.गेडागुडी र हरियो सागसब्जीको नाम बताउन, | | | | | | | |
| | २.आफ्नो वरिपरि पाइने फलफूलको नाम बताउन, | | | | | | | |
| | ३.पशुजन्य खाना दुध, दही, माछा, मासु ...... आदिको नाम बताउन, | | | | | | | |
| | ४.अन्न जस्तै : चामल, गहुँ, मकै ...... आदि चिन्न, | | | | | | | |
| २.स्वस्थ खाना ( फलफूल, तरकारी, दुध, मासु चिन्न र प्रयोग गर्न, | १.गेडागुडी र हरियो सागसब्जी खान, | | | | | | | |
| | २.आफ्नो वरिपरि पाइने फलफूल खान, | | | | | | | |
| | ३.पशुजन्य खाना दुध, दही, माछा, मासु ...... आफूलाई अनुकूल हुने गरी खान, | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४.अन्न जस्तै : चामल, गहुँ, मकै ...... आदि मिलाएर खान, | | | | | | | |
| ३.पानीको आवश्यकता सँग परिचित भई, स्वच्छ र सफा पानी पिउन, | १.पानीको आवश्यकतासँग परिचित हुन, | | | | | | | |
| | २.शरीरलाई आवश्यक पर्ने पानीको मात्रा थाहा पाई प्रयोग गर्न, | | | | | | | |
| | ३. शुद्ध, सफा तथा प्रदुषित पानी छुट्याउन, | | | | | | | |
| | ४. शुद्ध तथा सफा पानी चिनेर पिउन, | | | | | | | |
| ४.आफ्नो नाम बताउन र साथीहरूसँग खेल्न, | १. आफ्नो नाम बताउन, | | | | | | | |
| | २.आफ्ना साथीको नाम बताउन, | | | | | | | |
| | ३.आफू खेलमा सरिक हुन, | | | | | | | |
| | ४.सथीलाई पनि खेलमा सरिक गराउन | | | | | | | |
| प्राप्ताङ्कको जोड | | | | | | | | |
| उपलब्धिको प्रतिशत | | | | | | | | |

.......................
अभिभावकको सही:

..................
शिक्षकको सही

**विषयवस्तुको क्षेत्र : पोषण तथा बालमैत्री स्थानीय शासन ( कक्षा : २ ) तलिका नं. १०**

**विद्यार्थीको नाम :**

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकारण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको/ नसकेको | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| १.स्वस्थ र अस्वस्थ खाना छुट्याउन, | १.आफ्ना खेतबारीमा फल्ने अन्न बालीका नाम भन्न, | | | | | | | |
| | २.आफ्ना खेतबारी तथा नजिकैका जङ्गलमा पाइने फलफूल तथा तरकारीका नाम भन्न, | | | | | | | |
| | ३.चाउचाउ, कुरमुरे र बोतलका पेय पदार्थ अस्वस्थ खानेकुरा हुन भनी नामसमेत बताउन र प्रयोग नगर्न, | | | | | | | |
| | ४. धेरै तेलमा तारेका र धेरै गुलिया खानेकुराहरू अस्वस्थ खानेकुरा हुन भनी नामसमेत बताउन र प्रयोग नगर्न, | | | | | | | |
| २. स्वस्थ र अस्वस्थ खाना चिन्न र स्वस्थ वर्धक खाना मात्र प्रयोग गर्न, | १.स्थानीय स्तरमा उत्पादित अन्नबााट बनेका खानेकुरा मात्र प्रयोग गर्न, | | | | | | | |
| | २.फलफूल तथा पशुजन्य खाना मिलाएर खान, | | | | | | | |
| | ३.पत्रु खाना चाउचाउ, कुरमुरे आदि प्रयो नगर्न, | | | | | | | |
| | ४. बोतलका पेय पदार्थ प्रयोग नगर्न, | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| ३.व्यक्तिगत सरसफाइ र खानपानको महत्त्व बुझी सोही अनुकूल व्यवहार गर्न, | १.व्यक्तिगत सरसफाइको परिचय दिन, | | | | | | | |
| | २.चर्पी प्रयोग गरेपछि र खाना खानुभन्दा अघि र पछि साबुन पानीले सफासँग हात धुन, | | | | | | | |
| | ३. समयमै खाना खाने बानी बसाल्न, | | | | | | | |
| | ४.शरीरलाई ऊर्जा, प्रोटिन चिल्लो, र भिटामिन जस्तो तत्त्व प्राप्त हुने गरी मिलाएर खान, | | | | | | | |
| ४.आफ्नो विचार व्यक्त गर्न र साथीका कुरा सुन्न, | १.आफ्ना कुरा सुनाउन, | | | | | | | |
| | २.साथीका कुरा सुन्न, | | | | | | | |
| | ३.सुनेका कुराको प्रतिउत्तर दिन, | | | | | | | |
| | ४.पालो पर्खेर बोल्न, | | | | | | | |
| प्राप्ताङ्कको जोड | | | | | | | | |
| उपलब्धिको प्रतिशत | | | | | | | | |

........................
अभिभावकको सही:

..................
शिक्षकको सही

**विषयवस्तुको क्षेत्र : पोषण तथा  बालमैत्री स्थानीय शासन ( कक्षा : ३ ) तलिका नं. ११**

**विद्यार्थीको नाम :**

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कन का साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको/ नसकेको | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| १.सन्तुलित आहारको सरल व्याख्या गर्न, | १. सन्तुलित आहारको परिचय दिई प्रकारसमेत बताउन, | | | | | | | |
| | २.सन्तुलित आहार मिलाएर प्रयोग गर्न, | | | | | | | |
| | ३.पत्रु वा पोषणहीन खाना प्रयोगमा कम गर्न, | | | | | | | |
| | ४.स्वास्थ्यप्रति सचेत हुँदै परिवार र साथीहरूलाइ सन्तुलित आहारको महत्त्व सिकाउन, | | | | | | | |
| २.स्थानीय पोषणयुक्त खाना चिन्न र प्रयोग गर्न, | १.स्थानीय खानालाई प्राथमिकता दिन, | | | | | | | |
| | २.कुन खानामा कुन पोषक तत्त्व पाइन्छ भनी थाहा पाउन, | | | | | | | |
| | ३.बाहिरी प्रशोधित खानाभन्दा आफ्नै स्थानीय स्रोतबाट प्राप्त खानालाई मन पराउने बानी विकास गर्न, | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४.दैनिक जीवनमा आफू स्थानीय पोषिलो खाना प्रयोग गर्न तथा साथीहरूबिच प्रचार गर्न, | | | | | | | |
| ३.विद्यालय तथा घरमा पोषण मैत्री व्यवहार प्रदर्शन गर्न, | १.प्याकेटमा आएका तथा धेरै चिल्लो र गुलियो खानेकुरा प्रयोगमा कम गर्न, | | | | | | | |
| | २.समय मिलाएर खाना खाने बानी बसाल्न, | | | | | | | |
| | ३.खानेकुरा सफा राख्न र सफा भएको सुनिश्चत गरी खान, | | | | | | | |
| | ४.भान्सा तथा खाजा खाने ठाउँ सफा राख्न, | | | | | | | |
| ४.विभिन्न क्रियाकलापमा सहभागी हुन तथा साथीको सम्मान गर्न, | १.खेलकुद तथा समूह छलफलमा भाग लिन, | | | | | | | |
| | २.साथीलाई सम्मान गर्न, | | | | | | | |
| | ३.पालो पर्खेर काम गर्न, | | | | | | | |
| | ४.आफ्नो स्तन्त्रताको प्रयोग गर्दा अरूको स्तन्त्रताको ख्याल गर्न, | | | | | | | |
| प्राप्ताङ्कको जोड | | | | | | | | |
| उपलब्धिको प्रतिशत | | | | | | | | |

........................
अभिभावकको सही:

..................
शिक्षकको सही

## ११. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ४) तालिका नं.१२

| **विषयवस्तुको क्षेत्र** | **मुख्य सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **सम्भावित सिकाइ क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** |
|---|---|---|---|---|
| ९.पोषण तथा बालमैत्री स्थानीय शासन | १.पोषक तत्वका आधारभूत परिचय दिन,<br>२. सन्तुलित आहारका ( अन्न, तरकारी, फलफूल, प्रोटिन र चिल्लो ) प्रकार भन्न र आवश्यकता पहिचान र प्रयोग गर्न,<br>३.पोषण, सरसफाइ र स्वास्थ्यबिचको सम्बन्ध पहिचान र प्रयोग गर्न,<br>४.पोषणका लागि करेसाबारीको महत्त्व बताउन,<br>५.बालअधिकारका आधारभूत कुरा बताउन, | १.पोषक तत्वका परिचय र महत्त्व,<br>२.पोषक तत्वका प्रकारहरू<br>-कार्बोहाइड्रेट<br>-प्रोटिन<br>-चिल्लो<br>-पानी<br>३.सन्तुलित आहारका स्रोत ( अन्न, तरकारी, फलफूल, प्रोटिन र चिल्लो ) प्रकार भन्न र आवश्यकता पहिचान र प्रयोग गर्न,<br>४.पोषणका लागि घर तथा विद्यालयमा करेसावारीको आवश्यकता पहिचान गरी करेसाबारीको हेरचाह गर्न,<br>५.नाम र राष्ट्रियताको अधिकार, आमाबाबुसँग बस्न पाउने अधिकार, विचार प्रकट गर्न पाउने अधिकार, सहभागिताको अधिकार, शिक्षा पाउने अधिकार आदि । | १.पोषक तत्वको परिचय र महत्त्व बताइदिने,<br>२. चित्र, पोस्टर, भिडिओ आदि प्रदर्शन गर्दै छलफल गराउने,<br>३.कुपोषित र पोषित फोटाहरू प्रदर्शन गर्दै सन्तुलित खाना तथा असन्तुलित खानाबाट हुने फाइदा बेफाइदा बताइदिने,<br>४.पोषण, सरसफाइ र स्वास्थ्यबिचको सम्बन्ध झल्काउने चित्र, पोस्टर आदिको स्लाइड देखाउँदै छलफल गराउँने,<br>५.विद्यालयको करेसाबारीमा लगी गोडमेल तथा हेरचाहको बारेमा बताउँदै करेसाबारीको काममा संलग्न हुन प्रेरित गर्ने,<br>६.शिक्षक स्वयं निर्मित पोषणसँग सम्बन्धित गीत, कविता मार्फत पनि क्रियाकलाप गराउन सकिन्छ ।<br>७. नाम र राष्ट्रियताको अधिकार, आमाबाबुसँग | १.पोषक तत्वहरूका नाम भन्न लगाउने,<br>२. कुपोषित र पोषित खानाबाट हुने फाइदा र बेफाइदा भन्न लगाउने,<br>३.सन्तुलित भोजन भनेको के हो ? सन्तुलित भोजन हुनका लागि के के खानेकुराहरू पर्छन् ? जस्ता प्रश्नद्वारा उत्तर दिएका आधारमा मूल्याङ्कन गर्ने ।<br>४.मानव शरीरका लागि पौष्टिक तत्त्व किन आवश्यक पर्छ ? भन्न र लेख्न लगाउने ।<br>५.स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीलाई भेटी पौष्टिक |

| | | | | |
|---|---|---|---|---|
| | | | बस्न पाउने अधिकार, विचार प्रकट गर्न पाउने अधिकार, सहभागिताको अधिकार, शिक्षा पाउने अधिकार आदि विषय झल्किने तस्बिर, भिडिओ देखाउँदै छलफल गराउने, | तत्वका नाम र काम लेखेर ल्याउन परियोजना कार्य दिने, ६.प्रश्नोत्तर, छलफल अवलोकनबाट मूल्याङ्कन गर्ने, |

## ११. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ५) तालिका नं.१३

| **विषयवस्तुको क्षेत्र** | **मुख्य सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **सम्भावित सिकाइ क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** |
|---|---|---|---|---|
| ९.पोषण तथा बालमैत्री स्थानीय शासन | १.कुपोषणका असर बताउन,<br>२.पोषणमा सकारात्मक बानीहरू अपनाउन,<br>३.घर तथा विद्यालयमा पोषण प्रवर्धनका लागि सहयोग गर्न,<br>४.लैंगिक समानता, बालश्रम र बालविवाहको परिभाषा दिन, | १.अल्पपोषणबाट हुने असरहरू<br>-खाना खान कमी<br>-शरीरले खानाबाट शक्ति सोसेर लिन नसक्ने,<br>-रोगसँग लड्ने क्षमतामा कमी,<br>२.अतिपोषणबाट हुने असरहरू<br>-मोटोपना<br>-उच्च रक्तचाप<br>-मुटुरोग<br>३.सूक्ष्म पोषक तत्वको कमीबाट हुने असरहरू<br>-आयोडिनको कमी | १.अल्पपोषक खानेकुरा र तिनबाट हुने बेफाइदाहरूको चार्ट निर्माण गरी छलफल गराउने, अल्पपोषक खानेकुराको नामसमेत बताइदिने,<br>२.अल्पपोषित तथा अतिपोषितसँग सम्बन्धित चित्र, फोटो देखाउँदै अल्पपोषण र अतिपोषण दुवै हानिकारक हुने कुरा बताउने र सन्तुलित आहार प्रयोग गर्न प्रेरित गर्ने, | १.प्रश्नोत्तर, छलफल, बानी व्यवहारको अवलोकन, गरी मूल्याङ्कन गर्ने,<br>२.शौचालय सही तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्ने ३.साबुन पानीले राम्रोसँग हात धुन जाने नजानेको अवलोकन गरी मूल्याङ्कन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | -आइरनको कमी<br>-भिटामिनको कमी<br>आदि,<br>४.पोषणमा सकारात्मक बानी अपनाउन<br>-नियमित समयमा खाना खाने बानी<br>-सन्तुलित आहार मिलाएर खाने,<br>-स्वास्थ्य र सरसफाइमा सजकता<br>५.घर तथा विद्यालयमा पोषण प्रवर्धनका लागि सहयोग,<br>-करेसाबारी निर्माणमा सहयोग<br>-साबुन पानीको व्यवस्था<br>-शौचालयको प्रयोग<br>-घर, आँगनको सफाइ<br>-स्वस्थ्य संस्थाप्रति सकारात्मक धारणा<br>६.लैंगिकता, बालश्रम र बालविवाह | ३.सूक्ष्मपोषक तत्वको परिचय दिँदै यसको कमीले हुन सक्ने रक्तअल्पता, रतअन्धो, कमजोरी महसुस जस्ता लक्षण देखिने हुँदा समयमै स्वास्थ्य संस्थामा गएर वा विद्यालयमै उपलब्ध हुन सक्ने भए विद्यालयबाटै विद्यालय नर्सको सल्लाह बमोजिम आइरन चक्की, भिटामिन ए र शक्तिवर्धक खानेकुरा खानु पर्ने कुरा बताइदिने,<br>४.पोषणमा सकारात्मक बानीको विकास गराउन समयमै खाना खाने, नियमित सरसफाइमा ध्यान दिने, नियमित खोप आफूले लिने र साना भाइबहिनीलाई पनि लिन लगाउने, अल्पपोषक पत्रु खाना (जङ्क फुड) को प्रयोग नगर्ने विषयमा व्यापक छलफल गराउने,<br>५.घर तथा विद्यालयमा पोषण प्रवर्धनका लागि आवश्यक पूर्वाधारमध्ये करेसाबारी पनि एक भएको जानकारी दिन विद्यालयको | ४.लैंगिक विभेद भनेको के हो ?<br>५. बालश्रम भनेको के हो ?<br>६.विवाह कम्तिमा कति वर्षमा गर्नुपर्छ ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | करेसाबारी भए करेसाबारीमै लगेर वा फोटो, देखाएर भए पनि छलफल गराउने र करेसाबारीबाट हुने फाइदा समेत बताइदिने, ६.साबुन पानीको प्रयोग, घरआँगनको सरसफाइ, व्यक्तिगत सरसफाइ झल्किने चित्र, फोटो, तथा भिडिओ जस्ता सामग्री प्रदर्शन गरी स्पष्ट पारिदिने, ७. लैंगिकता, बालश्रम र बालविवाह जस्ता विषयसँग मिल्ने विषयवस्तुका भिडिओ, पोस्टर, फोटो र कथा प्रस्तुत गर्दै सिकाइ सञ्चालन गर्ने, | |

## १२. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ६) तालिका नं. १४

| **विषयवस्तुको क्षेत्र** | **मुख्य सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **सम्भावित सिकाइ क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** |
|---|---|---|---|---|
| ९.पोषण तथा बालमैत्री स्थानीय शासन | १.किशोरकिशोरी अवस्थामा पोषणको आवश्यकताको कारण बताउन, | १. किशोरकिशोरी अवस्थामा ( १०-१९ ) वर्षको उमेरमा पोषणको आवश्यकता पर्ने कारणहरू | १.किशोरकिशोरीहरूका लागि पोषण कार्यक्रम सञ्चालन निर्देशिका २०७६ बाट तथ्याङ्क सङ्कलन गरी स्लाइड तयार गर्ने र प्रदर्शन | १.विषयवस्तुसँग सम्बन्धित प्रश्नोत्तर गरेर मूल्याङ्कन गर्ने, |

| | | | | |
|---|---|---|---|---|
| | २.बहुक्षेत्र पोषण योजना तेस्रो ( २०८०/८१ - २०८७/८८ परिचय दिन,<br>३.पोषण मैत्री स्थानीय शासनको परिभाषा र कार्यान्वयनका क्षेत्रहरू बताउन,<br>४.पोषण मैत्री स्थानीय शासन प्रवर्धनको लागि गरिने कार्यहरू बताउन,<br>५.बालमैत्री स्थानीय शासनमा विद्यालय तथा वडाको भूमिका बताउन, | -शरीरको वृद्धि र विकास तीव्र हुने,<br>-शारीरिक गतिविधि बढी हुने भएकाले बढी ऊर्जा चाहिने,<br>-किशोरीहरूमा महिनाबारी सुरु हुने भएकाले आइरनको आवश्यकता हुने,<br>-प्रतिरोधात्मक प्रणाली बलियो बनाउन,<br>-हर्मोनको परिवर्तन हुने,<br>२.बहुक्षेत्र पोषण योजनाको परिचय दिन,<br>३.पोषण मैत्री स्थानीय शासनको परिभाषा र कार्यान्वयनका क्षेत्रहरू (क) स्वास्थ्य, (ख) महिला तथा बालबालिका, (ग) शिक्षा, (घ) खानेपानी सरसफाइ र स्वच्छता, (ङ) कृषि विकास, (च) पशुपन्छी विकास (छ)शासकीय प्रवन्ध,<br>४.पोषण मैत्री स्थानीय शासन प्रवर्धनको लागि गरिने कार्यहरू (क) सचेतना र पैरवी (ख) मूलप्रवाहीकरण (ग) संस्थागत विकास (घ) | गर्दै छलफल गराउने वा बोर्डमा लेखी छलफल गराउने र विद्यार्थीलाई समेत टिपोट गर्न लगाउने,<br>२. बहुक्षेत्र पोषण योजनाको परिचय लेखिएको स्लाइड वा बोर्डमा लेखेर देखाउँदै बहुक्षेत्र पोषण अन्तर्गतका क्षेत्रको सूची प्रस्तुत गर्ने र छलफल गराउने,<br>३.पोषण मैत्री स्थानीय शासन प्रवर्धनको लागि गरिने कार्यहरूको सूची प्रदर्शन गर्दै प्रत्येक कार्यको छोटकरीमा बयान गरिदिने,<br>४.सम्भव भए शिक्षकले गीत, कविता जस्ता सामग्री तयार गरी रमाइलो वातावरणमा सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।<br>५.पोषण मैत्री स्थानीय शासन प्रवर्धनको लागि आफ्नो स्थानीय तहले गरेका विभिन्न कार्यहरू जस्तैः सचेतना र पैरवीसम्बन्धी तालिम, गोष्ठी जस्ता कार्यक्रमका फोटो, भिडिओ देखाउँदै पोषण मैत्री स्थानीय शासन प्रवर्धनको लागि गरिने कार्यहरू स्पष्ट धारण बसाउन सकिन्छ । | २.विद्यालय नर्स वा कुनै स्वास्थ्य कर्मीसँग भेट गरी किशोरकिशोरीका लागि पोषणको आवश्यकताका कारणहरूको सूची बनाएर ल्याउन परियोजना कार्य दिने र सो का आधारमा मूल्याङ्कन गर्ने तथा उत्कृष्ट कार्यलाई कक्षा कोठामा टाँस्ने व्यवस्था मिलाउने,<br>३.पोषण मैत्री स्थानीय शासन प्रवर्धनको लागि आफ्नो स्थानीय तहले गरेका विभिन्न कार्यहरू जस्तैः सचेतना र पैरवीसम्बन्धी तालिम, गोष्ठी जस्ता कार्यक्रमका फोटो, भिडिओ देखाउँदै प्रश्नोत्तर गर्ने, |

| | | | | |
|---|---|---|---|---|
| | | बहुक्षेत्रीय प्रयासको अवलम्बन (ङ) सूचना शिक्षा र सञ्चार (च) क्षमता विकास (छ) सामाजिक परिचालन (ज) लक्षित कार्यक्रम सञ्चालन (झ) सुशासन (ञ) नतिजामुखी अनुगमन (ट) निजी क्षेत्र तथा नागरिक समाजसँग सहकार्य (ठ) दिगोपनको सुनिश्चितता<br>५.विद्यालय तथा वडामा बालमैत्री वातावरण<br>-सम्मान जनक बोलीवचन<br>-खानेपानी<br>-खेलकुद<br>-सहभागिता<br>-सरसफाइ | ६.पोषण मैत्री स्थानीय शासनको कार्यान्वयनका लागि हाम्रो स्थानीय तहबाट  भएका प्रयासहरूको जानकारी दिन सात क्षेत्रमध्ये सम्भव हुने कुनै क्षेत्रका शाखा प्रमुख वा जानकारी प्राप्त व्यक्तिलाई स्रोतव्यक्तिका रूपमा बोलाई विद्याथीहरूसँग अन्तरक्रिया गराउने र अन्तरक्रियाबाट प्राप्त कुराहरू कापीमा टिपेर भोलिपल्ट कक्षामा सुनाउन लगाउने,<br>७.-सम्मान जनक बोलीवचन,<br>-खानेपानी<br>-खेलकुद<br>-सहभागिता<br>-सरसफाइ जस्ता कुरामा सरिक गराउने,<br>आफू मिठो बोल्ने र अरूलाई मिठो बोल्न प्रेरित गर्ने,<br>बालबालिकाका कुरा सुन्ने,<br>जस्ता व्यवहार देखाउदै अनुकरणात्मक भिडिओ, चित्र, पोस्टर देखाउँदै बाल अधिकारका लागि वडाबाट हुने कार्यहरूसमेत स्पष्ट परिदिने, | ४.अन्तरक्रियाबाट प्राप्त कुराहरू भोलिपल्ट कक्षामा प्रस्तुत गरेका आधरमा मूल्याङ्कन गर्ने,<br>५. बानी व्यवहारको अवलोकन गर्ने,<br>६. सन्दर्भ मिलाई प्रश्नोत्तर गर्ने,<br>७.खेल्दा वा साथीभाइसँग बोल्दा सम्मानपूर्वक बोले नबोलेको अवलोकन गरी मूल्याङ्कन गर्ने |

## १३. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ७) तालिका नं. १५

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| ९.पोषण तथा बालमैत्री स्थानीय शासन | १.नेपालमा किशोरकिशोरीहरूको पोषणको अवस्था र पोषण कार्यक्रमको उद्देश्यहरू बताउन,<br>२.पोषण मैत्री स्थानीय शासनको परिभाषा र कार्यान्वयनका चरणहरू बताउन,<br>३.पोषण मैत्री स्थानीय शासन कार्यान्वयनमा वडास्तरीय सहजीकरण तथा कार्यान्वयन समितिको जानकारी लिन र दिन,<br>४.पोषण मैत्री वडा घोषणा प्रक्रियाको पहिचान र दिगोपनका लागि सहयोग गर्न,<br>५. बालमैत्री स्थानीय शासनमा गाउँपालिकाको भूमिका बताउन, | १.पोषणसम्बन्धी ज्ञान, पोषणसम्बन्धी व्यवहार, रक्तअल्पता, पुड्कोपना, शक्तिको कमी,<br>२. पोषण कार्यक्रमको उद्देश्यहरू,<br>३. पोषण मैत्री स्थानीय शासनको परिभाषा र चरणहरू,<br>४.पोषण मैत्री स्थानीय शासन कार्यान्वयनमा वडास्तरीय सहजीकरण तथा कार्यान्वयन समिति<br>५. पोषण मैत्री वडा घोषणा प्रक्रियाको पहिचान र दिगोपनका उपाय<br>६. गाउँपालिका समिति, काम कर्तव्य र अधिकार, बाल सहभागिता, बजेट व्यवस्थापन आदि | १.किशोरकिशोरीहरूका लागि पोषण कार्यक्रम सञ्चालन निर्देशिका २०७६ बाट तथ्याङ्क सङ्कलन गरी नेपालमा किशोरकिशोरीहरूको पोषणको अवस्थाको जानकारी गराउने,<br>२. पोषण कार्यक्रमको उद्देश्यहरू लेखिएको चार्ट प्रस्तुत गर्दै छलफल गर्ने,<br>३. पोषण मैत्री स्थानीय शासनको परिभाषा र चरणहरू लेखिएका पोस्टर वा सूची प्रस्तुत गर्दै प्रत्येक चरणमा गर्नु पर्ने कामहरूसमेत भन्न, पढ्न र लेख्न लगाउने,<br>४.पोषण मैत्री स्थानीय शासन कार्यान्वयनमा वडास्तरीय सहजीकरण तथा कार्यान्वयन समितिको सूची प्रस्तुत गर्ने, सम्भव भए समितिका सदस्यहरूलाई आमन्त्रण गरी | १.विषयवस्तुसँग सम्बन्धित प्रश्नोत्तर गरेर मूल्याङ्कन गर्ने,<br>२. पोषण कार्यक्रमको उद्देश्यहरू कतिओटा छन् ? पहिलो उद्देश्य के छ ? जस्ता प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने,<br>३. पोषण मैत्री स्थानीय शासनको परिभाषा र चरणहरू भन्न लगाउने, तथा प्रत्येक चरणमा गर्नु पर्ने काम के के हुन् भनी पालैपालो सोध्ने र उत्तर दिएका आधारमा मूल्याङ्कन गर्ने,<br>४.पोषण मैत्री स्थानीय शासन कार्यान्वयनमा वडास्तरीय सहजीकरण तथा कार्यान्वयन |

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यार्थीहरूसँग छलफल, अन्तरक्रिया गराउने<br>५. पोषण मैत्री वडा घोषणा प्रक्रियामा वडा समितिबाट सूचक हासिल भएको प्रमाणीकरण सहित अनुरोध गर्ने, जिल्ला स्तरीय अनुगमन सिफारिस समितिको सिफारिस र कार्यपालिकाको निर्णय भएपछि घोषणा सम्पन्न हुने जानकारी गराउने,<br>६.दिगोपनका लागि योजना निर्माण गरी लागु गर्ने तथा निरन्तर अनुगमन गर्नु पर्ने कुरा स्पष्ट पारिदिने,<br>७. गाउँपालिका समिति, काम कर्तव्य र अधिकार, बाल सहभागिता बजेट व्यवस्थापन जस्ता विषयमा चार्ट, पोस्टर, बनाई प्रदर्शन गर्दै स्पष्ट पारिदिने, | समितिमा को को सदस्य हुन्छन् ? अध्यक्ष को हुने व्यवस्था छ ? जस्ता प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने,<br>५.पोषण मैत्री वडा घोषणा प्रक्रियामा कति चरण छन् ? पोषण मैत्री वडा घोषणा गर्न योग्य छ भनी कसले सिफारिस गर्नुपर्छ ?<br>६. पोषण मैत्री वडा घोषणा दिगोपनका लागि के गर्नुपर्छ ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्न सकिन्छ ।<br>७.विषयसँग सम्बन्धित प्रश्न तयार गरी मूल्याङ्कन गर्ने, |

## १४. विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षाः ८) तालिका नं. १६

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| ९.पोषण तथा बालमैत्री स्थानीय शासन | १.किशोरकिशोरीहरूको पोषण स्थिति सुधार गर्ने कार्यक्रमहरूको जानकारी र प्रयोग<br>२.पोषण मैत्री स्थानीय शासन प्रवर्धनका कार्यहरूको व्याख्या र विश्लेषण गर्न,<br>३.पोषण मैत्री स्थानीय शासनका क्षेत्रगत सूचकहरूसँग परिचित भई कार्यान्वयनमा सहयोग गर्न,<br>४.पोषण मैत्री स्थानीय शासन कार्यान्वयनका लागि गाउँपलिका स्तरीय निर्देशक समितिको जानकारी र कार्यहरू बताउन,<br>५.बालमैत्री शासनका लागि संवैधानिक व्यवस्थाको जानकारी लिन र सोहीअनुरूप व्यवहार गर्न, | १. किशोरकिशोरीहरूको पोषण स्थिति सुधार गर्ने कार्यक्रमहरू<br>(क) खाद्य विविधता<br>(ख)खाद्य विविधताको आवश्यकता,<br>(ग) स्थानीय स्तरमा उपलब्ध हुने विभिन्न प्रकारका खाद्य वस्तुहरूको वर्गीपरण,<br>(घ) असल खानपानसम्बन्धी सिफारिसहरू,<br>(ङ) अस्वस्थ खानेकुरा र त्यसको असर,<br>(च) दैनिक आवश्यक पर्ने पौष्टिक तत्वहरू,<br>२. पोषण मैत्री स्थानीय शासन प्रवर्धनका कार्यहरू,<br>(क) सचेतना र पैरवीदेखि मूल्याङ्कन र दिगोपनासम्म क्रियाकलापहरू, | १. किशोरकिशोरीहरूका लागि पोषण कार्यक्रम सञ्चालन निर्देशिका २०७६ बाट किशोरकिशोरीहरूको पोषण स्थिति सुधार गर्ने कार्यक्रमहरू शीर्षक अन्तर्गत खाद्य विविधतासम्बन्धी समग्री सङ्कलन गरी क्रियाकलाप सञ्चालन गर्ने,<br>२.पोषण मैत्री स्थानीय शासन प्रवर्धनका कार्यहरू,<br>(क) सचेतना र पैरवीदेखि मूल्याङ्कन र दिगोपनासम्म क्रियाकलापहरूको विस्तृत विवरण तयार गरी प्रदर्शनगर्दै छलफल गराउने र कक्षा कोठामा टाँस्ने,<br>३.पोषण मैत्री स्थानीय शासनका क्षेत्रगत सूचकहरूको जानकारी दिँदै सूचक हासिल गर्न गर्नु पर्ने कार्यहरूमा अभ्यस्त गराउने,<br>४.निर्देशक समितिका कार्यहरूको तालिका, चार्ट आदि बनाई विद्यार्थीहरूलाई स्पष्ट पारिदिने, | १.विषयवस्तुसँग सम्बन्धित प्रश्नोत्तर गरेर मूल्याङ्कन गर्ने,<br>२.खाद्य विविधता भनेको के हो ? यसका आवश्यकता, प्रकार आदि विषयका प्रश्नोत्तर गर्ने,<br>३.पोषण मैत्री स्थानीय शासन प्रवर्धनका कार्यहरू के के हुन् ?<br>४. पोषण मैत्री स्थानीय शासन प्रवर्धनका कार्यहरूले पोषण मैत्री स्थानीय शासन प्रवर्धनमा कस्तो सहयोग गरेको छ ?<br>५. पोषण मैत्री स्थानीय शासनका क्षेत्रगत सूचकहरू कतिआटा छन् ? ती सूचक हसिल गर्न तपाइँको भूमिका के हो ?<br>६. पोषण मैत्री स्थानीय शासन |

| | | | | |
|---|---|---|---|---|
| | | ३. पोषण मैत्री स्थानीय शासनका क्षेत्रगत सूचकहरू,<br>४.पोषण मैत्री स्थानीय शासन कार्यान्वयनका लागि गाउँपलिका स्तरीय निर्देशक समिति र समितिका कार्यहरू<br>४.नेपालको संविधानको भाग ३, धारा ३९ मा भएको बालबालिकाको हक अन्तर्गत १० ओटा उपधारा, | ५. यी माथिका क्रियाकलापका अतिरिक्त शिक्षक स्वयंले मौलिक क्रियाकलाप निर्माण गरी रोचक ढङ्गबाट सहजीकरण गर्न सकिन्छ ।<br>६. नेपालको संविधानको भाग ३, धारा ३९ मा भएको बालबालिकाको हक अन्तर्गत १० ओटा उपधाराको चार्ट बनाई छलफल गराउने, तथा चार्ट कक्षा कोठामा टाँसी संवैधानिक व्यवस्थाको पूर्ण जानकारी गराउने, | कार्यान्वयनका लागि गाउँपलिका स्तरीय निर्देशक समितिमा कति जना सदस्य रहने व्यवस्था छ ?<br>७. निर्देशक समितिका कार्यहरू के के हुन् ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने,<br>८.नेपालको संविधानको भाग ३, धारा ३९ मा भएको बालबालिकाको हकसम्बन्धी प्रश्न सोधी मूल्याङ्कन गर्ने, |

## १५.विषय क्षेत्रअनुसार अनुमानित कार्यघण्टा ( कक्षा ४-८ ) तालिका नं. १७

| क्र.सं. | विषयवस्तुको क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | १६ | १६ | १६ | १६ | १६ |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | १६ | १६ | १६ | १६ | १६ |
| ३ | हाम्रो संस्कार र संस्कृति | १४ | १४ | १४ | १४ | १४ |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | १४ | १४ | १४ | १४ | १४ |
| ५ | पेसा उद्यमशीलता र प्रविधि | १४ | १४ | १४ | १४ | १४ |
| ६ | स्वास्थ्य र सरसफाइ | १४ | १४ | १४ | १४ | १४ |
| ७ | प्रकोप वातावरण र हरित विद्यालय | १५ | १५ | १५ | १५ | १५ |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | १० | १० | १० | १० | १० |
| ९ | पोषण तथा बालमैत्री स्थानीय शासन | १५ | १५ | १५ | १५ | १५ |
| जम्मा | | १२८ | १२८ | १२८ | १२८ | १२८ |

## १६.परियोजना कार्य

शिक्षकले विद्यार्थीको तह, स्तर आदिलाई ख्याल गरी **'फिक्कलको सेरोफेरो २०७७'** मा निर्दिष्ट परियोजना कार्यलाई आधार मानी **'पोषण मैत्री स्थानीय शासन'** थिमबाट पनि परियोजना गराउनु पर्ने छ। परियोजना कार्यको मूल्याङ्कन **'फिक्कलको सेरोफेरो २०७७'** दिइएअनुसार नै गर्नु हुन अनुरोध छ।

## १७.सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय विषय अन्तर्गत तयार गरिएको फिक्कलको सेरोफेरो विषयले विद्यार्थीहरूलाई आफ्नो स्थानीय विषयवस्तुसँग परिचित भई स्थानीय क्षेत्र, राष्ट्र र राष्ट्रियताप्रति समर्पित, मानवीय मूल्यमान्यताप्रति सचेत र समाज परिर्वतनका लागि भूमिका खेल्ने असल नागरिक तयार गर्ने उद्देश्य राखेको छ। यस विषयको पाठ्यक्रम स्थानीय विषयवस्तुसँग सम्बन्धित विभिन्न क्षेत्रहरूलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ। यसमा उल्लेख गरिएका विषयवस्तुहरूको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ। सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा सहजीकरण गराइ विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्छ। विद्यार्थीहरूमा सैद्धान्तिक र व्यावहारिक दुवै पक्षको विकास गराई

सकारात्मक व्यवहारको जगेर्ना गर्नु यस विषयको मुख्य लक्ष्य हो । विद्यार्थीहरूमा समालोचनात्मक तथा सकारात्मक सोचको विकास, प्रतिभा प्रष्फुटन, सिर्जनात्मक सिपको विकास र विविध प्रकारका सामाजिक सिपको विकास गरी व्यवहारमा सुधार गर्दै समाजको नेतृत्व गर्न सक्ने क्षमताको विकास गराउने जस्ता मूलभूत उद्देश्यहरू यस विषयले राखेको छ । स्थानीय विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर, विद्यालय, परिवार, टोल, विभिन्न समूह, समुदायलगायत स्थानीय सरकारसँग सम्बन्धित क्रियाकलापहरू गराउनुपर्ने छ। विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीहरूलाई आ-आफ्ना स्थानीय क्षेत्रमा भएका विभिन्न विषयवस्तुहरूको खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गर्नुपर्ने छ । यस विषयले विद्यार्थीहरूमा आफ्ना मौलिक रीतिरिवाज, कला, धर्म, संस्कृति, आर्थिक, सामाजिक क्रियाकलाप जस्ता विषयवस्तुमार्फत आवश्यक ज्ञान, सिप र अभिवृत्ति विकास गराउँदै सिर्जनशीलताको विकास गराउने लक्ष्य राखेको छ। यी सिपहरूको विकासका लागि सबै विद्यार्थीहरूलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ । त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ। यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृद्धि गराउनु स्थानीय पाठ्यक्रम फिक्कलको सेरोफेरो विषयको मूल लक्ष्य हो । किशोर किशोरी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले स्थानीय विषय अन्तर्गत फिक्कलको सेरोफेरो विषयमा सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य इत्यादि ।

## १८. विद्यार्थी मूल्याङ्कन

फिक्कलको सेरोफेरो पाठ्यक्रम (कक्षा ४-८ )मा आन्तरिक मूल्याङ्कनका लागि ५० प्रतिशत भार छुट्याइएको छ। आन्तरिक मूल्याङ्कनअन्तर्गत निम्न आधारहरू निर्धारण गरिएको छ :

## आधारभूत तह कक्षा ४-८ को आन्तरिक मूल्याङ्कनका आधार

### १. सहभागिताको मूल्याङ्कन

सहभागिताबापतको ४ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ । सहभागिताबापतको ४ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत २ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सको आधारमा मूल्याङ्कन गर्नुपर्ने छ। सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ।

**सहभागिता (उपस्थिति र सिकाइमा सक्रियता र सहभागिता) : ४ अङ्कभार**

| क्षेत्र | आधार | व्याख्या | मापन स्केल | अङ्क विभाजन | पहिलो त्रैमासिक अवधि | दोस्रो त्रैमासिक अवधि | दोस्रो त्रैमासिक पछिको अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | उपस्थिति | ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | सर्वोत्कृष्ट | २ | | | |
| | | ८५ प्रतिशत र सो भन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | सर्वोत्कृष्ट | १.७५ | | | |
| | | ८० प्रतिशत र सो भन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | मध्यम | १.५० | | | |
| | | ८० प्रतिशत र सो भन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | सामान्य | १ | | | |
| **तीनओटै अवधिको उपस्थितिको औषत प्राप्ताङ्क** | | | | | | | |
| २ | सिकाइमा सक्रियता र सहभागिता | सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पुरा गरेमा | सर्वोत्कृष्ट | २ | | | |
| | | उल्लिखित मध्ये कुनै ३ ओटा कार्य गरेमा | सर्वोत्कृष्ट | १.५ | | | |
| | | उल्लिखित मध्ये कुनै २ ओटा कार्य गरेमा | मध्यम | १ | | | |
| | | उल्लिखित मध्ये कुनै १ ओटा कार्य गरेमा | सामान्य | ०.५ | | | |
| **तीनओटै अवधिको सहभागिताको औषत प्राप्ताङ्क** | | | | | | | |
| **तीनओटै अवधिको उपस्थिति र सहभागिताको प्राप्ताङ्क** | | | | | | | |

$$\text{उपस्थिति प्रतिशत} = \frac{\text{निश्चित अवधिसम्म पढाइ भएको जम्मा दिनमा उपस्थिति दिन}}{\text{उक्त अवधिमा क्रेडिट आवरअनुसार पढाइ भएको जम्मा दिन}} \times १००$$

## २. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन ( ३६ अङ्कभार )

फिक्कलको सेरोफेरोले विभिन्न स्थानीय विषयवस्तुमा आधारित भई विभिन्न स्थानीय संस्कार संस्कृतिको मूल्य, आफ्नो स्थानीय जातजाति, धर्म, संस्कृति, वेशभूषा, परम्परा, मूल्यमान्यता, चाडपर्व, मठ, मन्दिर र स्थान विशेषका कलाकौशलका बारेमा परिचित भई स्थानीय पेसा, उद्योग, व्यवसाय, पशुपालन र खेतीपातीमा संलग्न भई आर्थिक उपार्जनमा समेत सिप र व्यवहार परिवर्तनको अपेक्षा गरेको छ । स्थानीय तहको ज्ञान, सीप र प्रविधिलाई व्यवहारमा प्रयोग गर्न स्वास्थ्य र सरसफाइप्रति सुसूचित भई स्वस्थ नागरिक तयार गर्न विपत् व्यवस्थापन, सुरक्षित घर र विद्यालयको अवधारणाबारे स्पष्ट हुन र सो सम्बन्धी आवश्यक ज्ञान, सीप हासिल गरी सुरक्षित हुन, बालबगैँचा र हरित विद्यालयको बारेमा परिचित भई विद्यालयमा बालबगैँचा निर्माणमा सहयोग गर्न, स्थानीय समाजसेवी/प्रमुख व्यक्तिहरूको बारेमा जानकारी हासिल गरी प्रेरणा लिन स्थानीय सङ्घ संस्थाहरूको बारेमा परिचित भई यसका कामहरूसम्बन्धी जानकारी लिन सक्ने जस्ता पक्षहरूमा सीप विकास गर्ने अपेक्षा राखिएको छ । यी पक्षहरूको विकासमा अवलोकन भ्रमण, खोज, सामुदायिक कार्य, बानी व्यवहारमा परिवर्तन, प्रयोगात्मक तथा परियोजना प्रयोगात्मक कार्य,जस्ता सहभागितामूलक सिकाइ रणनीति र विधिहरूको अवलम्बन गर्नुपर्ने हुन्छ । यसका लागि सबै एकाइबाट पाठ्यक्रममा दिइएका परियोजना/ प्रयोगात्मक कार्य गराउनुपर्ने हुन्छ । प्रत्येक एकाइको परियोजना /प्रयोगात्मक कार्यको लागि जम्मा ३६ अङ्कमा मूल्याङ्कन गर्नुपर्ने छ ।

त्रैमासिक रूपमा परियोजना /प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि पठनपाठन भएका एकाइमा विद्यार्थीले प्राप्त गरेको हरेक परियोजना /प्रयोगात्मक कार्यमा प्राप्त अङ्क जोडेर औसत निकाल्नुपर्छ । पहिला त्रैमासिकमा परियोजना कार्य / प्रयोगात्मक कार्यको मूल्याकन गर्दा सो अवधिमा गरिएका परियोजना / प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्कको औसत निकाल्नु पर्दछ भने दोस्रो त्रैमासिकका हकमा पहिलो त्रैमासिक पछि र दोस्रो त्रैमासिक अवधिमा गरिएका परियोजना / प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेका जम्मा अङ्कको मात्र औसत निकाली मूल्याङ्कन गर्नुपर्छ । वार्षिक रूपमा परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्दा वर्षभरि पठनपाठन गरेका सबै एकाइमा परियोजना र प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर सवै परियोजना कार्य/प्रयोगात्मक कार्यको सङ्ख्याले भाग गरेर औसत निकाल्नु पर्छ । यदि कुनै एकाइमा परियोजना /प्रयोगात्मक कार्य दुवै गर्नुपर्ने भएमा सो बेहोरा खुलाएर मूल्याङ्कन गर्नुपर्ने हुन्छ । प्रत्येक परियोजना कार्य/ प्रयोगात्मक कार्यका लागि रुब्रिक्स/चेकलिस्ट/श्रेणीमापन आदि साधन विकास गरी मूल्याङ्कन गर्न सकिने छ । प्रत्येक परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्नलिखित रुब्रिक्सको प्रयोग गर्न सकिन्छ :

**(क) परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन (रुब्रिक्स) : १८ अङ्कभार (तल उल्लिखित रुब्रिक्सको आधारमा १८ मा मूल्याङ्कन गरी ३६ मा रूपान्तरण गर्ने)**

प्रत्येक परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्नानुसारको रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

| आधार | सूचक | अङ्क विभाजन | पहिलो त्रैमासिक अवधि | दोस्रो त्रैमासिक अवधि | दोस्रो त्रैमासिक पछिको अवधि |
|---|---|---|---|---|---|
| **परियोजना/ प्रयोगात्मक कार्य तयारी** | परियोजना/प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज भएको र सबै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेका | ४ | | | |
| | परियोजना/प्रयोगात्मक कार्यको अधिकांश कार्य सफा, सङ्गठित र बुझ्न सहज भएको र सबै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको | ३ | | | |
| | परियोजना/प्रयोगात्मक कार्यको केही कार्य मात्र सफा, सङ्गठित भएको र केही भागमात्र बुझ्न सहज भएको र केही मात्र आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको | २ | | | |
| | परियोजना/प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज नभएको र अधिकांश आवश्यक ढाँचा वा प्रक्रिया पूरा नगरेको | १ | | | |
| **तीनओटै अवधिको सहभागिताको औषत प्राप्ताङ्क** | | | | | |
| **सर्जनशिलता** | परियोजना/प्रयोगात्मक कार्यमा धेरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको | ४ | | | |
| | परियोजना/प्रयोगात्मक कार्यमा केही सिर्जनशिलता, सोच र समयको प्रयोग भएको | ३ | | | |
| | परियोजना/प्रयोगात्मक कार्यमा थोरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको | २ | | | |
| | परियोजना/प्रयोगात्मक कार्यमा एकदमै थोरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएका | १ | | | |
| **तीनओटै अवधिको सहभागिताको औषत प्राप्ताङ्क** | | | | | |
| **विषयवस्तुको प्रस्तुति** | विषयवस्तु स्पष्ट र उपयुक्त रही उच्च सिकाइ स्तर प्रदर्शन गरेमा | ४ | | | |
| | अधिकांश विषयवस्तु स्पष्ट र उपयुक्त रही मध्यम सिकाइ स्तर प्रदर्शन गरेमा | ३ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | केही विषयवस्तु मात्र स्पष्ट र उपयुक्त रही र विद्यार्थीको सामान्य सिकाई स्तर प्रदर्शन गरेमा | २ | | | |
| | कुनै पनि विषयवस्तु स्पष्ट, उपयुक्त नभएको र विद्यार्थीको कमजोर सिकाइ स्तर प्रदर्शन गरेमा | १ | | | |
| **तीनओटै अवधिको सहभागिताको औषत प्राप्ताङ्क** | | | | | |
| सहकार्य , जिम्मेवारी सक्रियता र समय पालना | परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगत रूपमा उच्च र नियमति रूपमा सक्रिय रही तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा | २ | | | |
| | परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरुपमा धेरै जसो कार्यमा नियमित सक्रियता प्रदर्शन गरी तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा | १.५ | | | |
| | परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरुपमा कहिलेकाहि मात्र सक्रियता प्रदर्शन गरेको र तोकिएको जिम्मेवारी समयभन्दा केही ढिला पूरा गरेमा | १ | | | |
| | परियोजना/ प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरुपमा सक्रिय नरहेको र तोकिएको जिम्मेवारी समेत पूरा गरेमा | ०.५ | | | |
| **तीनओटै अवधिको सहभागिताको औषत प्राप्ताङ्क** | | | | | |
| कक्षामा प्रस्तुतीकरण | शिक्षक र अन्य विद्यार्थी माझ उपयुक्त स्वर र आँखाको सम्पर्क ( Eye contact ) कायम राखी तार्किक प्रस्तुतीकरण गरेमा | २ | | | |
| | कहिलेकाहीँ मात्र शिक्षक र अन्य विद्यार्थी माझ उपयुक्त स्वर र आँखाको सम्पर्क ( Eye contact ) कायम राखी अधिकांश प्रस्तुतीकरण तार्किक रुपमा गरेमा | १.५ | | | |
| | शिक्षक र अन्य विद्यार्थी माझ सानो स्वर र आक्कल झुक्कल मात्र आँखाको सम्पर्क ( Eye contact) कायम गरी सामान्य तार्किक प्रस्तुतीकरण गरेमा | १ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षक र अन्य विद्यार्थी माफ्र सारै सानो स्वरमा प्रस्तुतीकरण गरेको र आँखाको सम्पर्क ( Eye contact_ कायम नरहनुका साथै तार्किक प्रस्तुतीकरण एकदम कमजोर रहेमा | ०.५ | | | |
| **तीनओटै अवधिको सहभागिताको औषत प्राप्ताङ्क** | | | | | |
| अभिलेखीकरण | क्रमबद्ध र सही तरिकाले नियमित अभिलेख राखेमा | २ | | | |
| | अभिलेख राखेको तर प्रक्रियामा कमजोरी रहेको | १.५ | | | |
| | अभिलेख नियमित राख्ने नगरिएको र प्रक्रियामा धेरै कमजोरी रहेका | १ | | | |
| | अभिलेख राख्ने प्रयास मात्र गरेमा | ०.५ | | | |
| **तीनओटै अवधिको सहभागिताको औषत प्राप्ताङ्क** | | | | | |
| **तीनओटै अवधिको परियोजना कार्य सञ्चालन र प्रस्तुतीकरण र अभिलेखीकरणको प्राप्ताङ्क ( प्राप्ताङ्क ×२ )** | | | | | |

**परियोजना ⁄ प्रयोगात्मक कार्यको अभिलेखीकरणका लागि निम्नलिखित फारामको प्रयोग गर्न सकिन्छ : परियोजना ⁄ प्रयोगात्मक कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम ( कक्षा ४-८ )**

| एकाइ | परियोजना⁄ प्रयोगात्मक कार्य (३६ अंक) | | | कैफियत |
|---|---|---|---|---|
| | जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या | विद्यार्थीले गरेका सङ्ख्या | प्राप्त अङ्क | |
| १.हाम्रो गाउँपालिका | | | | |
| २.हाम्रो प्राकृतिक स्रोत र सम्पदा | | | | |
| ३.हाम्रो संस्कार र संस्कृति | | | | |
| ४.हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | | | | |
| ५.पेसा उद्यमशीलता र प्रविधि | | | | |
| ६.स्वास्थ्य, सरसफाइ र खेलकुद | | | | |
| ७.प्रकोप वातावरण र हरित विद्यालय | | | | |
| ८.व्यक्ति र सङ्घ संस्था परिचय | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९.पोषण तथा बालमैत्री स्थानीय शासन | | | | |
| जम्मा | | | | |
| औषत | | | | |

**परियोजना/प्रयोगात्मक कार्यको अभिलेखीकरणका लागि निम्नलिखित फारामको प्रयोग गर्न सकिन्छ : परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम ( कक्षा ४-८ )**

| एकाइ | परियोजना/ प्रयोगात्मक कार्य (३६ अंक) | | | कैफियत |
|---|---|---|---|---|
| | जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या | विद्यार्थीले गरेका सङ्ख्या | प्राप्त अङ्क | |
| १.हाम्रो गाउँपालिका | | | | |
| २.हाम्रो प्राकृतिक स्रोत र सम्पदा | | | | |
| ३.हाम्रो संस्कार र संस्कृति | | | | |
| ४.हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | | | | |
| ५.पेसा उद्यमशीलता र प्रविधि | | | | |
| ६.स्वास्थ्य, सरसफाइ र खेलकुद | | | | |
| ७.प्रकोप वातावरण र हरित विद्यालय | | | | |
| ८.व्यक्ति र सङ्घ संस्था परिचय | | | | |
| ९.पोषण तथा बालमैत्री स्थानीय शासन | | | | |
| जम्मा | | | | |
| औषत | | | | |

## ३. त्रैमासिक परीक्षा

तीन महिनाको पठनपाठनपश्चात् संज्ञाात्मक क्षेत्रका सिकाइ उपलब्धिहरूको लेखाजोखा गर्नका लागि विशिष्टीकरण तालिकाका आधारमा सबै तह र प्रकारका प्रश्नहरू तयार गर्नुपर्छ। जसका लागि शिक्षकले आवश्यक विशिष्टीकरण तालिका विकास गरी प्रयोगमा ल्याउन सक्ने छन्।

त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा लिएर त्यसलाई १० अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ। दोस्रो त्रैमासिक परीक्षा लिँदा सुरु एकाइदेखि पठनपाठन भएको एकाइसम्मका सबै एकाइबाट प्रश्न सोध्नुपर्ने छ। त्रैमासिक परीक्षा विद्यार्थीको सिकाइ सुधारका लागि आन्तरिक मूल्याङ्कनका रूपमा लिनुपर्ने छ। त्रैमासिक परीक्षा सञ्चालनका लागि शिक्षकले आवश्यक विशिष्टीकरण तालिका विकास गरी प्रयोगमा ल्याउन सक्ने छन्।

**आन्तरिक मूल्याङ्कनका लागि ध्यान दिनुपर्ने पक्ष**

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक वा वार्षिक रूपमा मूल्याङ्कन गर्दा तोकिएको पूर्णांकमा गर्ने । जस्तो : सहभागिताको ४ अङ्कभार, प्रयोगात्मक र परियोजना कार्यको लागि ३६ अङ्कभार र त्रैमासिकका लागि १० अङ्कभार ।

**१. सहभागिताबापतको अंकभार = ४ का लागि**

(क) पहिलो त्रैमासिक अवधिसम्मको सहभागिता बापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ख) दोस्रो त्रैमासिक अवधिको लागि सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्क अभिलेखीकरण गर्ने

(ग) दोस्रो त्रैमासिक अवधिपश्चात्को अवधिका लागि सहभागिताबापत ४ अङ्कभारमा मूल्याङ्कन गरी प्राप्त अङ्कको अभिलेखीकरण गर्ने

(घ) सहभागिताबापतको वार्षिक अङ्कभार ४ भएकोले माथि उल्लिखित (क), (ख) र (ग) मा प्राप्त अङ्कलाई जोडेर ३ ले भाग गर्दा वार्षिक बढीमा ४ अङ्कभारमा विद्यार्थीले प्राप्त गरेको सहभागिताबापतको अङ्क प्राप्त हुन्छ । उदाहरणका लागि पहिलो त्रैमासिकमा कुनै विद्यार्थीले सहभागिताबापत ३.५ अङ्क, दोस्रो त्रैमासिकको अवधिमा सहभागिताबापत ३.५ अङ्क र दोस्रो त्रैमासिकपश्चात्को अवधिमा सहभागिताबापत ३ प्राप्त गरेमा वार्षिक रूपमा उक्त विद्यार्थीले ३+२.५+३.५ = ९/३ = ३ अङ्क प्राप्त पाउँछन् ।

**२. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि**

(क) पहिलो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यको लागि जम्मा अङ्कभार ३६ मा नै मूल्याङ्कन गर्ने । यसका लागि प्रत्येक एकाइमा गराइएका परियोजना / प्रयोगात्मक कार्यका लागि ३६ अङ्कभारमा माथि उल्लिखित रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्ने

(अ) उदाहरणका लागि पहिलो त्रैमासिक अवधिमा कक्षा ५ मा २ ओटा एकाइ पठनपाठन भएको छ भने

२ ओटै एकाइमा परियोजना कार्यमा विद्यार्थीले पाएको अङ्कभार जोड्ने । एउटा एकाइमा एकभन्दा वढी परियोजना कार्य गराइएको छ भने दुवैको अङ्क जोडी औसत अङ्क दिने, जस्तै : पहिलोदेखि दोस्रो एकाइसम्म विद्यार्थीले प्रयोगात्मक कार्यमा पाएको अङ्क क्रमशः ३२ र ३४ छ भने औसत अङ्क = ६६/२ = ३३ भयो ।

(आ) एकाइमा जतिओटा परियोजना / प्रयोगात्मक कार्य दिइएको ती सबैको अङ्क जोडी औसत अङ्क दिने उदाहरणका रूपमा एकाइ २ मा दुईओटा परियोजना / प्रयोगात्मक कार्य गराइएको छ र अङ्क क्रमशः २८ र ३२ भने दुवैको औसत अङ्क ३० दिने ।

(ख) दोस्रो त्रैमासिक अवधिको परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन पनि पहिलो त्रैमासिक मूल्याङ्कन जस्तै गरी गर्ने

(ग) वार्षिक रूपमा परियोजना/ प्रयोगात्मक कार्यको अभिलेखीकरण गर्दा पहिलो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको औसत अङ्क राख्ने । जस्तै : माथि दिइए अनुसार ३३ अङ्क दोस्रो त्रैमासिक अवधिमा प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन गर्दा प्राप्त गरेको औसत अङ्क (पहिलो त्रैमासिकमा गरे जस्तै गरी) राख्ने । मानौं मूल्याङ्कन गर्दा ३४ अङ्क प्राप्त भयो । दोस्रो त्रैमासिक अवधिपश्चात्का परियोजना/ प्रयोगात्मक कार्यको मूल्याङ्कन गरी प्राप्त अङ्क राख्ने । मानौं मूल्याङ्कन गर्दा ३५ अङ्क प्राप्त भयो । अब तीनऔटै अवधिमा मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क जोडेर वार्षिक रूपमा परियोजना/ प्रयोगात्मक कार्यबापतको औसत अङ्क निकाल्ने जस्तै : ३३+३४+३५ = १०२ /३ = ३४ अङ्क प्राप्त भयो ।

## ३. त्रैमासिक परीक्षाका लागि

संज्ञात्मक क्षेत्रका सिकाइ उपलब्धिको मापन गर्न त्रैमासिक परीक्षा र बाह्य परीक्षा कायम गरिएको छ । त्रैमासिक परीक्षाका लागि जम्मा अङ्कभार १० भएकाले पहिलो र दोस्रो त्रैमासिक परीक्षा १०/१० अङ्कभार नै गर्नुपर्ने हुन्छ ।

जति बढी अङ्कभारमा परीक्षा सञ्चालन गरियो अर्थात् जति धेरै विषयवस्तुलाई समेटी परीक्षा सञ्चालन गरियो त्यति बढी विषयगत वैधता हुने भएकोले पहिलो त्रैमासिक परीक्षाका लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्ने र दोस्रो त्रैमासिक परीक्षाको लागि ५० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरी तोकिएको १० अङ्कभारमा रूपान्तरण गर्न सकिन्छ। त्रैमासिक परीक्षाको वार्षिक अङ्कभार १० भएकोले पहिलो त्रैमासिक परीक्षामा पाएको अङ्कभारलाई आधा गर्ने र दोस्रो त्रैमासिक परीक्षामा अङ्कभारलाई आधा गरी जम्मा १० अङ्कभारमा पाएको अङ्क राख्ने, जस्तै : पहिलो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा कुनै विद्यार्थीले २५ पाएको थियो र १० मा रूपान्तरण गर्दा ८.३ भयो। त्यसै गरी दोस्रो त्रैमासिक परीक्षा ५० पूर्णाङ्कमा उक्त विद्यार्थीले ४५ अङ्क पायो र १० मा रूपान्तरण गर्दा ९ अङ्क प्राप्त भयो । वार्षिक रूपमा त्रैमासिक परीक्षाको अङ्क निकाल्दा प्रत्येक त्रैमासिकमा पाएको अङ्कलाई आधा आधा गरेर राख्ने वा दुवै त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्क जोडेर २ ले भाग गर्ने । जस्तै माथि दिइएको विवरणअनुसार पहिलो र दोस्रो त्रैमासिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क क्रमशः ८.३+९ भने औसत अङ्क = १७.३/२ = ८.६५ भयो ।

| पहिलो त्रैमासिक परीक्षा | | दोश्रो त्रैमासिक परीक्षा | |
|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क |
| | | | |
| १० अङ्कमा रूपान्तरण गर्दा ( प्राप्ताङ्क / पूर्णाङ्क × १० ) = | | १० अङ्कमा रूपान्तरण गर्दा ( प्राप्ताङ्क / पूर्णाङ्क × १० ) = | |
| दुईटै त्रैमासिक परीक्षाको औषत अङ्क = | पहिलो त्रैमासिक परीक्षाको अङ्क + दोश्रो त्रैमासिक परीक्षाको अङ्क / २ = | | |

## फिक्कलको सेरोफेरो विषयको त्रैमासिक रूपमा नतिजा निकाल्दा (माथिको विवरणका आधारमा)

| त्रैमासिक अवधि | सहभागिता (४) | प्रयोगात्मक/परियोजनाकार्य ३६ | त्रैमासिक परीक्षा (१०) | जम्मा प्राप्ताङ्क (५०) | प्राप्त ग्रेड |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोश्रो | | | | | |
| दोश्रो अवधि पश्चात | | | × | | |
| जम्मा औषत | | | | | |

तयार गर्ने : | प्रमाणित गर्ने :

नाम : | नाम :

दस्तखत : | दस्तखत :

मिति : | मिति :

## १९.पाठ्क्रम कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न शिक्षकको भूमिका महत्त्वपूर्ण हुनेछ । विद्यार्थीलाई स्थानीय वातावरणको अवलोकन गराइनेछ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिनेछ । समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय क्षेत्रमा जानिफकार व्यक्तिहरू स्रोत व्यक्तिका रूपमा रहनेछन् । यस पाठ्यक्रमको माध्यम मातृभाषा वा नेपाली दुवै हुनेछ । विषय क्षेत्रमा आबद्ध गाउँपालिकाका विवरणहरू सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिनेछ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा सम्भव भए सम्म अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूह कार्य र अन्तरक्रियालाई विशेष जोड दिइनेछ ।

## २०.पाठ्यक्रम परिमार्जन प्रक्रिया

समय परिवर्तनशील भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको इच्छा, आकाङ्क्षा र आवश्यकता पनि परिवर्तन हुन्छन् । उक्त चाहाना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनु पर्दछ । जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकता अनुसार परिमार्जन हुनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिनेछ ।

## विशिष्टीकरण तालिका

विषय: स्थानीय विषय ( फिक्कलको सेरोफेरो ) समय: २ घण्टा कक्षा: ८ पूर्णाङ्क: ५०

| एकाइ | अति छोटो | | | छोटो | | | लमो | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता |
| १.हाम्रो गाउँपालिका | १ ( १ ) | | | | | १ ( ३ ) | | १ ( ५ ) | |
| २.हाम्रो प्राकृतिक स्रोत र सम्पदा | | | १ ( १ ) | | १ ( ३ ) | | | | |
| ३.हाम्रो संस्कार र संस्कृति | | १ ( १ ) | | १ ( ३ ) | | | | | |
| ४. हाम्रा धार्मिक, ऐतिहासिक, र पर्यटकीय स्थलहरू | १ ( १ ) | | | | | | १ ( ५ ) | | |
| ५.पेसा उद्यमशीलता र प्रविधि | १ ( १ ) | | | १ ( ३ ) | | | | | |
| ६.स्वास्थ्य, सरसफाइ र खेलकुद | | १ ( १ ) | | | | १ ( ३ ) | | | |
| ७.प्रकोप, वातावरण र हरित विद्यालय | १ ( १ ) | | | | | | | १ ( ५ ) | |
| ८. व्यक्ति र सङ्घ संस्था परिचय | | | १ ( १ ) | | १ ( ३ ) | | | | |
| ९.पोषण तथा बालमैत्री स्थानीय शासन | १ ( १ ) | | | १ ( ३ ) | | | | | १ ( ५ ) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ५ | २ | २ | ३ | २ | २ | १ | २ | १ |
| | ९ × १ = ९ | | | ७ × ३ = २१ | | | ४ × ५ = २० | | |

| प्रश्नको किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्क भार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | ४ × ५ = २० |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७ × ३ = २१ |
| अति छोटो उत्तर आउने प्रश्न | ९ | ९ × १ = ९ |
| जम्मा | २० | ५० |

१.प्रश्न निर्माण गर्दा ज्ञान र बोध, प्रयोग र सिर्जनात्मक सिप र उच्च दक्षता तहका प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

२.ज्ञान र बोध तहका सबै प्रश्नहरू १ अङ्कका, प्रयोग र सिर्जनात्मक सिप तहका ३ अङ्कका र उच्च दक्षता तहका ५ अङ्कका हुनेछन् ।

३. ज्ञान र बोध तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्ने छ ।

नोट : 'फिक्कलको सेरोफेरो स्थानीय पाठ्यक्रम २०७७' भएको विशिष्टीकरण तालिका खारेज गरिएको छ ।

# सन्दर्भ ग्रन्थ सूची

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

२. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन ( मातृभाषासहित ) २०७६

३. बहुक्षेत्रीय पोषण योजना -तेस्रो ( आ.व.२०८०/८१-२०८७/८८ ) १६ असोज २०८१

४.बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

५. पोषण मैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८

६. पोषण मैत्री स्थानीय शासन कार्यविधि २०८०


७. किशोरकिशोरीहरूका लागि पोषण कार्यक्रम सञ्चालन निर्देशिका २०७६

८. विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७

९. फिक्कलको सेरोफेरो स्थानीय पाठ्यक्रम २०७७

***:समाप्त:***

# फिक्कलको सेरोफेरो




**फिक्कल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खाङसाङ, सिन्धुली**
**बागमती, प्रदेश नेपाल**